Jana Aakash
National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष- १८, अंक- ४३, २०८३ साल जेठ १९ गते मंगलबार (June 4, 2026) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# पाँचदिनका लागि रास्वपा सभापति भारत प्रस्थान



काठमाडौं- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछाने पाँचदिने भारत भ्रमणका लागि प्रस्थान गरेका छन् । भारतको सत्तारुढ भारतीय जनता पार्टी (भाजपा) का अध्यक्ष नितिन नवीनको निमन्त्रणामा सभापति लामिछान भारत प्रस्थान गरेका छन् ।

भारत भ्रमणमा सभापति लामिछानेसँगै रास्वपाका सहमहामन्त्री तथा प्रतिनिधि सभा सदस्य विपिनकुमार आचार्य, सचिवालय सदस्य तथा प्रतिनिधि सभा सदस्य दीपक बोहोरा, पत्नी निकिता पौडेल र प्रदीप आचार्य रहेका छन् । रास्वपा प्रवक्ता मनिष झाका अनुसार रविले जेठ १८ देखि २२ गते (जुन १ देखि ५ तारिख) सम्म भारत भ्रमण गर्नेछन् ।

त्यसक्रममा नयाँदिल्लीमा उच्चस्तरीय राजनीतिक तथा कूटनीतिक भेटवार्ता गर्ने कार्यक्रम छ । उनले भाजपा नेतृत्व, भारतमा रहेका नेपाली समुदाय र पार्टीका शुभेच्छुकहरूसँग भेटघाट गर्ने कार्यक्रम छ । त्यसपछि उनले अयोध्याको भ्रमण पनि गर्ने पार्टी प्रवक्ता झाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । भेटघाट, छलफल तथा भ्रमणका लागि नयाँदिल्लीस्थित नेपाली दूतावासले समन्वय गरिरहेको रास्वपाले जनाएको छ ।

नेपालका प्रधानमन्त्री वालेन्द्र शाहले छिमेकी राष्ट्र भारत भ्रमण विलासितामा रमाउन, फोटो » बाकी ६ पृष्ठमा

## समृद्धिको लक्ष्य प्राप्ति आजको राष्ट्रिय आवश्यकता : राष्ट्रपति पौडेल



काठमाडौं । राष्ट्रपति रामचन्द्र पौडेलले सुशासन, विकास र समृद्धिको लक्ष्य प्राप्ति आजको राष्ट्रिय आवश्यकता भएको बताएका छन् । सो लक्ष्य प्राप्तिका लागि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट उत्तरदायी र जनमुखी सेवा प्रवाहलाई सुदृढ बनाउनुपर्नेमा उनले जोड दिएका छन् । राष्ट्रपति पौडेलले १९औं गणतन्त्र दिवसका अवसरमा आज शुभकामना व्यक्त गर्दै संविधानले परिकल्पना गरेको सामाजिक न्याय, आर्थिक समृद्धि तथा समावेशी विकास हासिल » बाकी ६ पृष्ठमा

## संसद्मा सभामुखको गुनासो
### विपक्षीको साथ पाइना



काठमाडौं । प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्याल(डीपी)ले संसद्मा देखिएका समस्या समाधानमा विपक्षी दलको साथ नपाएको गुनासो गरेका छन् ।

प्रधानमन्त्री बालेन्द्र शाह(बालेन)को अभिव्यक्तिलाई लिएर सोमबार विपक्षी दलले प्रतिनिधिसभा बैठक अवरुद्ध गरेपछि सभामुख अर्यालले आफ्नो आसनबाटै यस्तो गुनासो गरेका हुन् ।

सो क्रममा उनले विपक्षी दलका सदस्यहरूलाई पटक-पटक संवाद गर्न बोलाएपनि समय नपाएको दाबी गरे । » बाकी ६ पृष्ठमा

**संसद्मा प्रधानमन्त्री बालेनको जवाफ**

## सीमा विवाददेखि सुकुमवासी समस्यासम्म



**काठमाडौं–** विपक्षी दलहरूको लगातारको माग र विरोधपछि प्रधानमन्त्री बालेन्द्र (बालेन) शाह आइतबार प्रतिनिधिसभा बैठकमा उपस्थित भई सांसदहरूले उठाएका विविध प्रश्नहरूको जवाफ दिएका छन्।

संसद् बैठक सुरु भएलगत्तै प्रधानमन्त्री शाहले बोल्नका लागि हात उठाएर इशारा गरेपछि सभामुख डोलप्रसाद अर्यालले संसद् सचिवालयका कर्मचारीहरूसँग सल्लाह गरेका थिए। प्रधानमन्त्रीले बोल्न चाहेमा समय दिनुपर्ने अभ्यास अनुरूप सभामुखले उनलाई रोष्ट्रममा बोलाएका थिए। लगत्तै सभामुखले प्रत्येक दलबाट प्रश्न सोध्नका लागि एक/एक जनालाई समय उपलब्ध गराउने घोषणा गरे। तर, विपक्षी दलहरूले भने प्रतिनिधिसभा नियमावलीको नियम ५६ बमोजिम प्रत्येक महिनाको पहिलो साता प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम सञ्चालन हुनुपर्ने माग गर्दै नियमापत्ति र » बाकी ६ पृष्ठमा

## दलित पत्रकारहरूको पक्षमा विशेष कार्यक्रम ल्याउन जरुरी छ : पूर्वराष्ट्रपति भण्डारी




काठमाडौं । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले सरकारले दलित पत्रकारहरूको क्षमता अभिवृद्धि, खोज पत्रकारिताका लागि प्रोत्साहन तथा उनीहरूको भौतिक तथा मानसिक सुरक्षा सुनिश्चित हुनेगरी विशेष कार्यक्रम ल्याउन जरुरी रहेको बताएकी छिन् ।

राष्ट्रिय दलित पत्रकार संघ, नेपालले सोमवार काठमाडौंमा आयोजना गरेको एक कार्यक्रममा बोल्दै उनले उक्त आवश्यक्ता औंल्याइन् ।

पूर्वराष्ट्रपति भण्डारीले समाचार सम्बद्ध निकायहरूलाई पनि दलित पत्रकारहरूको हकमा आन्तरिक रुपमा पनि समावेशी नीति कडाईका साथ पालना गराउन आग्रह गरिन् ।

उनले दलितको सवाललाई कुनै एउटा समूदायको मात्रै सवाल मात्रै नभई » बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ४३,
२०८३ साल जेठ १९ गते मंगलबार
4 JUNE 2026, TUESDAY

**...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की**

## सम्पादकीय

# बजेट सवैको मन जित्यो लक्ष्य भेटन भने मुस्किल

सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि कुल २१ खर्ब २४ अर्ब ३४ करोड रूपैयाँको बजेट सार्वजनिक गरेको छ । अर्थमन्त्री स्वर्णिम वाग्लेले शुक्रबार संघीय संसद□मा पेस गरेको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेटमा चालु खर्चतर्फ ५९.८ प्रतिशत, पुँजीगततर्फ २०.३ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १९.९ प्रतिशत रकम विनियोजन गरिएको छ ।

१५ गते आर्थिक वर्ष २०८३/८४ को बजेट सार्वजनिक गरेको छ । बजेटले समग्र सवै क्षेत्रलाई समेटेर सवै नागरिकलाई खुशी पार्ने खालको बजेट सार्वजनिक भएको छ । धेरै जति नागरिक खुशी नै देखिन्छन् । कृषि क्षेत्रमा बिगतकै जस्तो अनुदानका कार्यक्रमलाई निरन्तरता दिएको छ । व्यापारमा खाद्यन्न लगायत वस्तुमा सहुलियत दर कर प्रणाली लागु गरेको छ । बिलासिताका सामानहरूमा कर बृद्धि गरी बिलासिताका वस्तुमा निरूत्साहित गरेको छ । भन्सार दरमा ट्र्याकिङ सिस्टमद्धारा व्यवसयीहरूलाई सजिलो बनाउने नीति आएको छ ।

राष्ट्रसेवक कर्मचारीहरूको मनोबल उच्च बनाउन सुरू स्केलमा १० प्रतिशत तलब वृद्धि गर्दै कार्यसम्पादनका आधारमा थप १० प्रतिशत प्रोत्साहन भत्ताको व्यवस्था गरेको छ ।

सामाजिक सुरक्षामा १ खर्ब २० अर्ब विनियोजन गर्दै सरकारले दलित बालबालिकालाई पोषण भत्ता दिएको छ । यस्तै, महिलाहरूको सहजताका लागि ब्लु बस सञ्चालन गर्ने र नर्सिङ कर्मचारीहरूको रात्रि भत्ता दोब्बर बनाउने घोषणा गरेको छ ।

पूर्वाधार विकासमा काठमाडौं-तराई द्रुतमार्गका लागि १७ अर्ब ६४ करोड विनियोजन गरिएको छ भने विद्युतीय सवारी साधनमा अब क्षमताको आधारमा नभई मूल्यका आधारमा भन्सार महसुल लाग्ने व्यवस्था गरेको छ ।

शिक्षा क्षेत्रमा २ खर्ब १८ अर्ब र स्वास्थ्यमा नेपाल औषधी लिमिटेडलाई २५ प्रकारका औषधी उत्पादन गर्न सक्षम बनाउने लक्ष्य राखेको छ ।

प्रशासनिक सुधारका लागि १८ मन्त्रालयको अवधारणालाई कडाइका साथ लागू गर्दै डेनमार्क, ब्राजिल र दक्षिण अफ्रिकामा रहेका नेपाली दूतावासहरु खारेज गर्ने निर्णय समेत बजेटले लिएको छ ।

खेलकुद, विकास , शिक्षा, रोजगार, पूर्वाधार सवै क्षेत्रलाई समेटेर बजेटलाई समग्रमा छरेर ल्याईएको छ । सरसरती हेर्दा कुनैपनि नेपाली बजेटको बिपक्षमा देखिदैनन् । तर रास्वपाको बाचा पत्रमा लेखिएजस्तो प्रतिव्याक्ति आय ५ देखि ७ वर्षमा ३००० डलर पुऱ्याउने र १०० अर्ब डलरको आर्थिक आकारको बजेट पुऱ्याउने लक्ष्य पुरा हुने आधार देखिदैन । त्यसका लागि पर्यटन, विद्युत र कृषिको प्रचुर विकास तथा औद्योगिक उत्पादन तत्काल गर्ने आधार नहुदा नेपालीले कमाएको पैशा सवै विदेश जाने गरेको विषयलाई रोक्ने आधार नभएको हुदा लक्ष्मा पुग्न यस वर्षको बजेटले कठिन छ ।

# खेलकुदमा नीतिगत बेथितिको गहिरिंदो दल-दल



■ कविरस शर्मा

नेपाली खेलकुद विकासको मुख्य बाधक र महारोग भनेको यसको वित्तीय अनुशासनहीनता, चरम आर्थिक अराजकता र खेलकुदका स्वायत्त निकायहरूमाथि हुने नाङ्गो राजनीतिक हस्तक्षेप हो । आर्थिक अनुशासनविना कुनै पनि क्षेत्रको विकास केवल बालुवामा पानी हालेजस्तै हुन्छ ।

पछिल्लो प्रतिवेदनअनुसार राष्ट्रिय खेलकुद परिषद् (राखेप) को दशकौंदेखिको बेरुजु मात्रै १ अर्ब १७ करोड ७५ लाख ५६ हजार रुपियाँ पुग्नुले खेलकुद प्रशासनभित्र आर्थिक सदाचारको धज्जी उडेको प्रमाणित गर्दछ । अहिलेसम्म राज्यकोषबाट पेस्की लिएर कानुनबमोजिम फर्स्यौट नगर्ने व्यक्ति, पदाधिकारी र संघहरूको सूची निकै लामो हुनुले खेलकुदलाई राज्यको सम्पत्ति दोहन गर्ने अखडा बनाइएको पुष्टि हुन्छ ।

यस तथ्याङ्कले युवा तथा खेलकुद मन्त्रालयअन्तर्गतका सबै अङ्गहरूमध्ये आर्थिक अनुशासनमा सबैभन्दा कमजोर संयन्त्र राखेप नै हो भन्ने तथ्यलाई गणितीय रूपमै पुष्टि गरेको छ । तुलनात्मक रुपमा राखेपको बेरुजुको ग्राफ अत्यधिक हुनुले के देखाउँछ भने, खेलकुदको नाममा विनियोजन हुने बजेट खेलाडीको प्रशिक्षण, खेल मैदानको निर्माण र खेल सामग्रीमा होइन, बरु राजनीतिक भागवण्डाबाट नियुक्त पदाधिकारीहरूको भ्रमण, अनुत्पादक प्रशासनिक खर्च र अपारदर्शी विनियोजनमा बालुवामा पानी खन्याएझैँ बगाइएको छ ।

नेपालमा खेलकुद विकासको जग नै नबस्नुको मूल कारण संस्थागत प्रणाली (सिस्टम) को सर्वथा अभाव र राजनीतिक नेतृत्वको अदूरदर्शिता हो । युवा तथा खेलकुद मन्त्रालयलाई शिक्षा मन्त्रालयमा समायोजन गर्ने हतारोपूर्ण शासकीय निर्णयले राज्यको प्राथमिकतामा खेलकुद कति कमजोर, उपेक्षित र गौण स्थानमा छ भन्ने तीतो यथार्थलाई उदाङ्गो पारेको छ ।

यो सांगठनिक सङ्कुचनले खेलकुदको स्वायत्त पहिचान, नीतिगत गरिमा र बजेटरी सामर्थ्यलाई त सङ्कुचित गऱ्यो नै, साथै मन्त्रालयमा राजनीतिक शक्तिकेन्द्रको आडमा हुने गैरसंवैधानिक र अनधिकृत हस्तक्षेपलाई झन् संस्थागत गरिदियो । खेलकुद मन्त्रालयका सल्लाहकार पद ओगटेका व्यक्तिको प्रत्यक्ष तथा अप्रत्यक्ष कार्यकारी भूमिकाले कानुनी र नीतिगत परिधिलाई नाघेको वर्तमान अवस्था यसको ज्वलन्त उदाहरण हो ।

ऐन, कानुन र स्थापित पद्धतिअनुसार सल्लाहकारको भूमिका केवल मन्त्रीलाई नीतिगत परामर्श दिने र खेलकुद विकासका लागि दीर्घकालीन मार्गचित्र कोर्न सहयोग गर्ने हुनुपर्ने हो । तर, राष्ट्रिय खेलकुद परिषद्को स्वायत्ततामाथि अतिक्रमण गर्ने विकृत प्रवृत्तिले खेलकुदको समग्र प्रशासनिक वातावरणलाई दूषित बनाएको छ ।

यस्तो नीतिगत विचलन र शक्तिको दुरुपयोगले स्वायत्त निकायका प्रमुखहरूमा सङ्कुचन, अविश्वास र उकुसमुकुसको अवस्था सिर्जना गरेको छ ।

परिणामस्वरुप, खेलकुदको दीर्घकालीन हित, खेलाडीको वृत्तिविकास र पूर्वाधार निर्माणका मुख्य कार्यसूचीहरू ओझेलमा परेका छन् भने समग्र खेलकुद क्षेत्र एक राजनीतिक दल वा गुटको स्वार्थ परिपूर्तिको गोटीजस्तो बन्न पुगेको छ । यो समस्या केवल व्यक्ति विशेषको महत्वाकाङ्क्षामा मात्र सीमित नभएर शासकीय संरचनाभित्र मौलाएको जवाफदेही-हीनता र वैधानिकताको उपहासको पराकाष्ठा हो ।

जसले खेलकुदजस्तो रचनात्मक र राष्ट्रिय गौरवको क्षेत्रलाई नै आन्तरिक रूपमा धराशायी बनाउँदै लगेको छ । यस्तो राजनीतिक हस्तक्षेप र प्रशासनिक कुशासनको सबैभन्दा भयावह र निराशाजनक चित्र अखिल नेपाल फुटबल संघ (एन्फा) र नेपाल चेस महासंघजस्ता राष्ट्रिय संघहरूको वर्तमान हबिगतमा स्पष्ट देख्न सकिन्छ । नेपाली फुटबलको सर्वोच्च प्रशासनिक निकाय एन्फा लामो समयदेखि आर्थिक अपचलन, चरम गुटबन्दी र संस्थागत अक्षमताको गम्भीर रोगले थलिएको छ ।

आफ्नो कार्यकाल बाँकी छँदै विधान विपरीत र सरोकारवालाहरूको व्यापक विरोधका बाबजुद 'अर्ली इलेक्सन' मार्फत सत्ता कब्जा गर्ने एन्फा नेतृत्वको अधिनायकवादी प्रयास आफैंमा एउटा ठूलो लोकतान्त्रिक र प्रशासनिक विचलन थियो । यसै कुशासन, वित्तीय अपारदर्शिता र घरेलु प्रतियोगिताहरूसमेत विदेशमा खेलाएर राष्ट्रिय गौरवमाथि आँच पुऱ्याएको वस्तुनिष्ठ आधारमा केही महिनाअगाडि राखेपले एन्फालाई ११ बुँदे सर्तसहित निलम्बन गर्नु विधिको शासन स्थापनाका दृष्टिले सकारात्मक र साहसिक कदम देखिएको थियो ।

तर, त्यसपछिका घटनाक्रमले राज्यको लाचारी र अन्तर्राष्ट्रिय निकायसामु घुँडा टेक्ने आत्मसमर्पणवादी प्रवृत्तिलाई नाङ्गो रूपमा प्रकट गरेका छन् । विश्व फुटबलको सर्वोच्च निकाय फिफाले तेस्रो पक्षको हस्तक्षेप अस्वीकार गर्ने भन्दै नेपालमाथि अन्तर्राष्ट्रिय प्रतिबन्धको धम्की दिएपछि राखेपले अन्ततः 'विनासर्त' निलम्बन फुकुवा गर्नुपऱ्यो । राखेपको यो निर्णयले तत्कालका लागि फिफाको प्रतिबन्धबाट जोगिने प्राविधिक सफलता दिलाए पनि यसले नेपाली खेलकुदको आन्तरिक स्वायत्तता, सार्वभौमिकता र कानुनी सर्वोच्चतामाथि ठूलो धक्का पुऱ्याएको छ ।

राखेप र एन्फाबीच भएका भनिएका अपारदर्शी र अनौपचारिक सहमतिहरू जस्तै- १५ दिनभित्र तहगत निर्वाचन गर्ने प्रतिबद्धता अझैसम्म सार्वजनिक नगरिनुले पर्दापछाडिको अपवित्र राजनीतिक गठबन्धनलाई पुष्टि गर्दछ । प्रतिबन्ध लगाउँदा पदाधिकारीहरूको पासपोर्ट रोक्का गर्नेजस्तो कठोर र कानुनी कदम चाल्ने सरकार आज कसको दबाब वा अदृश्य साँठगाँठका कारण एकाएक लचिलो बन्यो भनी आम समर्थक र नागरिकहरूले सोधिरहेका गम्भीर प्रश्नको उत्तर राज्यले दिनुपर्छ ।

नेपालमा संस्थागत प्रणालीको खिया लागेको स्वरूप र कानुनी कमजोरी कतिसम्म छ भन्ने कुरा खेलकुद संघहरूको स्वेच्छाचारिताबाट प्रस्ट हुन्छ । हालै राखेपले परिषद्को पूर्वस्वीकृतिविना अन्तर ाष्ट्रिय खेलकुद कार्यक्रममा सहभागी हुने तथा गराउने व्यक्ति र संस्थामाथि आवश्यक कारबाही गरिने भनी चालेको कदम कानुनी संवेदनशीलताका दृष्टिले महत्वपूर्ण त छ, तर यसले नेपाली खेलकुद प्रणालीको लाचारीलाई नै ओकल्छ ।

राखेपले शिक्षा तथा खेलकुद मन्त्रालयलाई पत्राचार गर्दै राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २८ (क) को व्यवस्थाअनुसार परिषद्को पूर्वस्वीकृतिविना कुनै पनि अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता, गोष्ठी, सेमिनार तथा खेलकुदसम्बन्धी कार्यक्रममा नेपालको प्रतिनिधित्व गर्न नपाइने स्पष्ट पार्नुपरेको अवस्थाले यहाँ हुर्किएको बेथिति झल्काउँछ ।

परिषद्मा दर्ता तथा आबद्ध रहेका खेल संघ/महासंघ मात्र नभई आबद्धता नलिएका संस्थाले समेत अन्तर्राष्ट्रिय कार्यक्रममा नेपालको प्रतिनिधित्व गर्दा परिषद्को अनिवार्य स्वीकृति लिनुपर्ने उल्लेख गर्नुको अर्थ केही खेल संघ, महासंघ तथा अन्य संस्थाले विभिन्न स्वार्थप्रेरित उद्देश्यले परिषद्को स्वीकृतिविना राष्ट्रिय झन्डा बोकेर हिँड्ने अराजकता मौलाएको थियो । यस्तो स्वेच्छाचारी कार्यले राष्ट्रको स्वाभिमान र प्रतिष्ठामा गम्भीर आँच पुऱ्याउने प्रबल सम्भावना रहँदै आएको थियो ।

राखेपको सदस्य-सचिवस्तरीय निर्णयअनुसार शिक्षा तथा खेलकुद मन्त्रालयमार्फत गृह मन्त्रालय, अध्यागमन विभागलगायत सम्बन्धित निकायमा आवश्यक कारबाहीका लागि सिफारिस गर्न अनुरोध गरिएको कदम सकारात्मक सुनिए पनि यस कानुनी प्रावधानको कार्यान्वयन केवल कमजोर र राजनीतिक पहुँच नभएका संघहरूमाथि डण्डा चलाउन मात्र सीमित हुने खतरा पनि उत्तिकै छ ।

शक्तिकेन्द्रहरूको छहारीमा रहेका र राष्ट्रिय मर्यादा धुमिल पार्ने प्रभावशाली पदाधिकारीहरूमाथि यो नियम कहिल्यै लागू हुँदैन । राखेपमा दर्ता भएका ७७ खेलकुद संघमध्ये थुप्रै संघहरूले लामो समयदेखि नवीकरण गरेका छैनन् । पटक-पटकको ताकेतालाई अटेर गरेपछि राखेपले आगामी १५ असारभित्र आफ्नो वार्षिक प्रतिवेदन, लेखा परीक्षण र कम्तीमा एउटा राष्ट्रिय प्रतियोगिता गराएको कागजपत्रसहित नवीकरण गर्न अन्तिम अवसर दिएको छ ।

खेलकुद विकास ऐन, २०७७ को व्यवस्था कार्यान्वयन गराउन कस्सिएका राखेपका सदस्यसचिवले यसपटक प्रक्रिया पूरा नगर्ने र कानुनी विधि मिच्ने संघहरूलाई कारबाही गर्ने, सरकारी बजेट रोक्ने, निलम्बन गर्ने वा खारेज गर्ने तयारी गरेको बताए पनि राजनीतिक दबाब आउनासाथ यी सबै कदमहरू कागजमै सीमित हुने गरेका इतिहास साक्षी छन् । यस वित्तीय र प्रशासनिक दलदलबाट बाहिर निस्कन नेपाली खेलकुदको विकास मोडेलमा व्यापक संरचनागत, प्रणालीगत र आधुनिक रूपान्तरणको खाँचो छ, जसको शुरुवात परम्परागत, केन्द्रीकृत र अपारदर्शी खेल आयोजना प्रणालीको अन्त्यबाट हुनुपर्छ ।

अन्तर्राष्ट्रिय जगत्मा ओलम्पिकजस्ता बृहत् खेलकुद प्रतियोगिताहरू आयोजना गर्नका लागि कम्तीमा चार वर्षअगाडि नै विभिन्न शहरहरूबीच कडा र पारदर्शी 'बिडिङ' अर्थात् प्रतिस्पर्धात्मक प्रस्ताव प्रणाली अवलम्बन गरिन्छ । यस वैज्ञानिक प्रक्रियामा दिगो आर्थिक व्यवस्थापनको स्पष्ट र विस्तृत गुरुयोजना प्रस्तुत गर्नुपर्छ । यस्तो प्रतिस्पर्धात्मक प्रणालीले सम्बन्धित शहरको भौतिक पूर्वाधारको कायापलट मात्र गर्दैन, वैदेशिक लगानी, पर्यटन प्रवर्द्धन र द्रुत आर्थिक विकासको ढोकासमेत खोल्छ ।

अन्तर्राष्ट्रिय बडापत्रअनुसार यस्ता प्रतियोगिताहरूको मूल स्वामित्व स्थानीय तह अर्थात् नगर प्रमुखको नेतृत्वमा रहने शासकीय परिपाटी हुन्छ । जसले गर्दा केन्द्र, प्रदेश र स्थानीय सरकारबीच स्रोत, साधन र अपनत्वको कुशल बाँडफाँड हुन्छ । तर, नेपालको सन्दर्भमा राष्ट्रिय खेलकुद प्रतियोगिताहरू अझै पनि केन्द्रबाट राजनीतिक तोक-आदेश, पहुँच र गुटीय भागवण्डाका भरमा स्थल चयन गर्ने सामन्ती, केन्द्रीकृत र निगाहमा आधारित पद्धतिबाट सञ्चालित छन् ।

विगतमा बिडिङ प्रथा शुरु गर्ने सतही प्रयास गरिए पनि राजनीतिक दृढ इच्छाशक्तिको अभाव, आर्थिक अनियमितता र पूर्वाधारको कमजोरीका कारण त्यो संस्थागत हुन सकेन । अब संघीयताको वास्तविक मर्म र विकेन्द्रीकरणको सिद्धान्त अनुरुप नेपाली खेलकुदलाई पुनर्संरचना गर्नका लागि राष्ट्रिय खेलकुद प्रतियोगिताहरू आयोजना गर्दा नगर वा प्रदेशहरूबीच खुल्ला र निष्पक्ष बिडिङ गराउने परिपाटी अनिवार्य रुपमा वैधानिक रूपमै शुरु गरिनुपर्छ ।

नेपाली खेलकुदको विकास सुस्त हुनुमा राजनीतिक नेतृत्वको उदासीनता र अकर्मण्यता उत्तिकै जिम्मेवार छ । जनअपेक्षा, युवाहरूको भरोसा र लोकप्रियताको जगमा उभिएको वर्तमान सरकारले राखेपको बोर्ड बैठक नियमित आह्वान गरी खेलकुद क्षेत्रका ठूला संरचनागत समस्या समाधान गर्न, खेलाडीको भविष्य सुनिश्चित गर्न र नीतिगत सुधार गर्न ठोस निर्णयहरू गर्नुपर्ने तार्किक आवश्यकता अहिलेको माग हो ।

खेलकुद पूर्वाधार निर्माण केन्द्रित आर्थिक वर्ष २०८३/८४ मा विनियोजन गरिएको ४ अर्ब ३ करोडको खेलकुद बजेट स्वागतयोग्य छ । कार्यान्वयन तहमा चुनौतीहरु धेरै रहे पनि यसको प्रभावकारी नियमन उत्तिकै आवश्यक छ । वर्तमान सरकारले खेलकुदलाई कम प्राथमिकताको सूचीमा राख्नु र खेलकुदसम्बन्धी आधारभूत शासकीय दायित्वसमेत पूरा गर्न हिचकिचाउनुले यस क्षेत्रप्रतिको चरम उपेक्षा र संवेदनहीनतालाई उजागर गर्दछ ।

राजनीतिक नेतृत्वको यही दूरदर्शिता-विहीनता, अकर्मण्यता र शून्यताको फाइदा उठाउँदै मन्त्रालयमा राजनीतिक नियुक्ति पाएका सल्लाहकारहरूले सिंगो खेलकुद प्रशासनमा हस्तक्षेपकारी भूमिका खेलेका हुन् ।

यदि सरकारले यस प्रकारको उदासीनता र हस्तक्षेपलाई तत्काल रोकेर योग्य, व्यावसायिक, निष्कलङ्क र खेल क्षेत्र बुझेका व्यक्तिहरूलाई खेलकुदको बागडोर नसुम्पिने हो भने भविष्यमा नेपाली खेलकुदको गौरवशाली इतिहास केवल दस्तावेजमा सीमित हुने र यसको पुनरुत्थान असम्भव प्रायः हुने निश्चित छ ।

आधुनिक प्रक्रियामा केन्द्र र प्रदेश सरकारले केवल भौतिक पूर्वाधार निर्माणमा प्राविधिक तथा परिपूरक आर्थिक सहयोग गरिदिने र खेल प्राविधिक सञ्चालनको सम्पूर्ण जिम्मेवारी राजनीतिक हस्तक्षेपमुक्त स्वायत्त राष्ट्रिय खेल संघहरूलाई सुम्पिने हो भने राजनीतिक हस्तक्षेप स्वतः समाप्त हुनेछ । यातायात, सञ्चार, बजारीकरण, होटल व्यवस्थापनजस्ता व्यावसायिक पक्षहरूमा निजी क्षेत्रसँग सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडलमा सहकार्य गरी खेलकुदलाई मनोरञ्जनको साधन मात्र नभई एक आकर्षक उद्योगका रूपमा विकास गर्न ढिला भइसकेको छ ।

अतः नेपाली खेलकुदलाई वर्तमान राजनीतिक दल-दल र वित्तीय बेथितिको भयावह अवस्थाबाट बाहिर निकाल्नका लागि राष्ट्रिय खेल संघहरूमा तत्काल लोकतान्त्रिक, आवधिक र पारदर्शी तहगत निर्वाचन सुनिश्चित गरिनुपर्छ । जहाँ राजनीतिक दलको ओत लागेका मानिस होइन, खेल बुझेका विज्ञहरू आउन सकून् । बढीजसो नारा र सामाजिक सञ्जालको स्ट्याटसमा अल्झिएको वर्तमान सरकारले खेलकुदलाई उपेक्षा गर्ने उदासीन नीति त्यागेर यसलाई राष्ट्रिय प्रतिष्ठा, कूटनीति र युवाशक्तिको रचनात्मक परिचालनको मुख्य माध्यमका रूपमा स्वीकार्नुपर्छ ।

जबसम्म खेलकुदलाई राजनीतिक दलहरूको भर्तीकेन्द्र र नेताका कार्यकर्ता पाल्ने अखडा बनाउने परिपाटी बन्द गरिँदैन, जबसम्म बेरुजु निकाल्ने भ्रष्ट पदाधिकारीहरूलाई कानुनी कठघरामा उभ्याएर वित्तीय अनुशासन कायम गरिँदैन र जबसम्म बिडिङजस्ता व्यावसायिक एवं आधुनिक वैज्ञानिक प्रणालीहरू लागू गरिँदैन, तबसम्म नेपाली खेलकुद केवल आन्तरिक विवाद र राजनीतिक स्वार्थसिद्ध गर्ने रसातलको अखडा मात्र बनिरहनेछ ।

### आर्थिक वर्षको बजेट सार्वजनिक

# कर्मचारीको तलब वृद्धि, १ वर्षभित्र सुकुमवासी समस्या सुल्झाइने



काठमाडौं- अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले राजनीतिक अस्थिरताको दुष्चक्र समाप्त भएको उद्घोष गर्दै देशको आर्थिक विकास, सामाजिक न्याय र पूर्वाधार निर्माणलाई केन्द्रित गरी नयाँ आर्थिक वर्षको बजेट संसद्मा प्रस्तुत गर्नुभएको छ। 'जेन्टल पावर' र डायस्पोरा (प्रवासी नेपाली) को परिचालनमार्फत आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य राख्दै सरकारले विभिन्न क्षेत्रमा दूरगामी नीति तथा बजेट विनियोजन गरेको छ।

**पूर्वाधार, ऊर्जा र सहरी विकास**

सरकारले सडक तथा सहरी विकास पूर्वाधारका लागि २ खर्ब ८६ अर्ब बजेट विनियोजन गरेको छ, जसअन्तर्गत कर्णाली राजमार्ग स्तरोन्नतिका लागि १ अर्ब छुट्याइएको छ। 'भिजन काठमाडौं २०४०' दीर्घकालीन योजना कार्यान्वयनमा ल्याइनेछ भने पूर्वाधार निर्माणमा 'मिसन मोड सनसेट कानुन' लागू गरिनेछ। ऊर्जा उत्पादन, प्रसारण र वितरणका लागि कुल ८५ अर्ब ५४ करोड विनियोजन गरिएको छ, जसमध्ये निर्माणाधीन प्रसारण लाइन र सबस्टेसनका लागि मात्र ७० अर्ब खर्च गरिनेछ। काम सुरु नगरेका जलविद्युत आयोजनाहरूको विद्युत खरिद सम्झौता खारेज गरिनेछ भने पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुनपर्ने गरी खुकुलो व्यवस्था गरिएको छ। झापाको मेचीनगरमा सर्वसाधारणका लागि १०० वटा भवन निर्माण गरी वितरण गरिनेछ।

**सामाजिक सुरक्षा, कर्मचारी** व्यवस्था र सुकुमवासी समस्या

लामो समयपछि सरकारले निजामती कर्मचारी तथा सार्वजनिक सेवाका कर्मचारीहरूको तलब वृद्धि गरेको छ। सामाजिक सुरक्षा भत्ताका सन्दर्भमा सरकारले सक्षम नागरिकहरूलाई स्वेच्छिक रूपमा भत्ता त्याग्न अनुरोध गर्दै असक्षमहरूलाई थप सहयोग गर्ने नीति लिएको छ। अर्थमन्त्री वाग्लेले आगामी एक वर्षभित्रै सुकुमवासी समस्या पूर्ण रूपमा समाधान गर्ने घोषणा गर्नुभएको छ। श्रमिक र रोजगारदाताहरूलाई अनिवार्य रूपमा श्रम दर्ता (लेबर रेजिस्ट्री) मा दर्ता हुनुपर्ने व्यवस्था गरिएको छ। यस्तै, सेनाको आवास स्तरोन्नतिका लागि २ अर्ब विनियोजन गरिएको छ भने प्रहरी र सशस्त्र प्रहरीको सेवा र पेन्सन अवधिको पुनरावलोकन गर्न अध्ययन गरिनेछ। कारागारहरूलाई सुधारगृहमा परिणत गरिने र प्रहरी अनुसन्धानलाई प्रविधिमैत्री बनाइने बजेटमा उल्लेख छ।

**स्वास्थ्य, शिक्षा र खानेपानी**

स्वास्थ्य क्षेत्रमा ठूलो सुधार घोषणा गर्दै सरकारले ३ वर्षभित्र ९० प्रतिशत नागरिकलाई स्वास्थ्य बीमाको दायरामा ल्याउने र सरकारी अस्पतालहरूमा बालबालिकाको क्यान्सर उपचार निःशुल्क गर्ने व्यवस्था गरेको छ। स्वास्थ्य संस्थाहरूमा सुलभ फार्मेसी सञ्चालन गरिनेछ भने केआईओसी काठमाडौं र धुलिखेल अस्पतालका लागि विशेष बजेट विनियोजन गरिएको छ। आधारभूत अस्पतालहरूको निर्माण वैज्ञानिक म्यापिङपछि मात्र सुरु गरिनेछ। शिक्षा क्षेत्रमा प्रणालीगत सुधार गर्दै उच्च शिक्षाको कोटा वृद्धि गरिएको छ। यस्तै, आगामी ५ वर्षभित्र शतप्रतिशत नागरिकलाई सुरक्षित खानेपानी सेवा पुर्‍याउने लक्ष्य राखिएको छ।

**कृषि, नवीनता (इनोभेसन) र स्टार्टअप**

कृषि क्षेत्रको विकासका लागि रासायनिक मल खरिद गर्न ३२ अर्ब ४६ करोड बजेट विनियोजन गरिएको छ भने सरकारी-निजी साझेदारीमा 'ग्रीन युरिया' मल उद्योग सञ्चालन गरिनेछ। कर्णालीमा स्याउ र ओखर जोन सञ्चालन गरिनेछ भने पहाड र हिमाली क्षेत्रमा लिफ्ट सिँचाईका लागि ८० करोड छुट्याइएको छ। आविष्कारक महावीर पुनको मागबमोजिम इनोभेसनका लागि पर्याप्त बजेट विनियोजन गरिएको छ भने स्टार्टअपहरूलाई प्रवर्द्धन गर्न 'नेपाल इन्टरप्राइज फेसिलिटी' स्थापना गरिएको छ। आर्टिफिसियल इन्टेलिजेन्स (ब्क्ष्) का १५ जना विज्ञहरूलाई सरकारले फेलोसिप प्रदान गर्ने भएको छ।

**लगानी, कूटनीति र कानुनी** सुधार

लगानी आकर्षित गर्न ३ महिनाभित्रै स्वचालित प्रणाली (अटोमेटेड सिस्टम) लागू गरिनेछ। नेपाली नागरिकहरूलाई विदेशमा लगानी गर्न सहज हुने गरी कानुनी प्रबन्ध मिलाइनेछ। अर्थमन्त्री वाग्लेले नेपाललाई सम्पत्ति शुद्धीकरणको 'ग्रे लिस्ट' बाट चाँडै हटाउन सरकार दृढ रहेको बताउनुभयो। उद्योग मन्त्रालयका लागि ८ अर्ब ३१ करोड बजेट विनियोजन गरिएको छ। सुर्ती, चुरोट र सिगारमा भन्सार शुल्क ६ देखि १२ प्रतिशतसम्म कायम गरिएको छ।

**खेलकुद, महिला र लक्षित वर्ग**

खेलकुद क्षेत्रका लागि कुल बजेटको १ प्रतिशतभन्दा कम (पूर्वाधार केन्द्रित) विनियोजन गरिए पनि आगामी ३ वर्षभित्र ८,००० दर्शक क्षमताका १० वटा फुटबल रंगशाला निर्माण गरिने घोषणा गरिएको छ। महिलाहरूका लागि लक्षित गरी विशेष 'ब्लु बस' (नीलो बस) सेवा सञ्चालन गरिनेछ। दलित समुदायका बालबालिकाहरूको पोषण सहयोगका लागि ३ अर्ब रुपैयाँ विनियोजन गरिएको छ। सडक बालबालिकामुक्त देश घोषणा गर्ने नीति सरकारले लिएको छ। यस्तै, राज्यकोषबाट राजनीतिक दलहरूलाई अनुदान दिने विषयमा बहस चलाइने बजेटमा उल्लेख छ। नेपाल ड्रग्स लिमिटेडको उत्पादन क्षमता वृद्धि गरिने नीति पनि बजेटले लिएको छ। यसै बजेटको सन्दर्भमा धरानका मेयर हर्क साम्पाङले सरकारी संस्थानहरूको स्वामित्व परिवर्तन गर्ने सरकारी नीतिप्रति असन्तुष्टि र आपत्ति जनाउनुभएको छ भने बजेटमा कोशी प्रदेशका योजनाहरूलाई कसरी समेटियो भन्नेबारे पनि समीक्षा सुरु भएको छ।

### रामेछाप डायरी

## बेरुजु सुधारमा गोकुलगंगा अब्बल, खाँडादेवीमा सबैभन्दा बढी



रामेछापको गोकुलगंगा गाउँपालिकाले आर्थिक अनुशासन र बेरुजु सुधारमा उल्लेख्य सफलता हासिल गरेको छ ।

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/८२ को प्रतिवेदनअनुसार गोकुलगंगा गाउँपालिकाले आफ्नो बेरुजु घटाएर १ प्रतिशतभन्दा कममा झारेको हो । अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा ३.७५ प्रतिशत रहेको बेरुजु गत आर्थिक वर्षमा घटेर ०.५३ प्रतिशतमा सीमित भएको प्रतिवेदनमा उल्लेख छ ।

गाउँपालिकाको १ अर्ब २५ करोड ९२ लाख ३५ हजार रुपैयाँको लेखापरीक्षण गर्दा ६६ लाख ७६ हजार रुपैयाँ मात्रै बेरुजु देखिएको महालेखा परीक्षकको कार्यालयले जनाएको छ ।

रामेछापका अन्य दुई स्थानीय तह सुनापती गाउँपालिका र दोरम्बा शैलुङ गाउँपालिका ले पनि बेरुजु घटाउन सफलता हासिल गरेका छन् । सुनापती गाउँपालिकाको अघिल्लो आर्थिक वर्ष २.३२ प्रतिशत रहेको बेरुजु घटेर ०.८८ प्रतिशतमा पुगेको छ भने दोरम्बा शैलुङ गाउँपालिकाले १.३० प्रतिशतबाट घटाएर ०.९६ प्रतिशतमा झारेको छ ।

महालेखाको प्रतिवेदनअनुसार सुनापती गाउँपालिकामा १ करोड ११ लाख ९१ हजार रुपैयाँ तथा दोरम्बा शैलुङ गाउँपालिकामा १ करोड ३१ लाख ५५ हजार रुपैयाँ बेरुजु देखिएको छ ।

यता जिल्लाका पाँच स्थानीय तहमा भने अघिल्लो आर्थिक वर्षको तुलनामा बेरुजु बढेको छ । तीमध्ये खाँडादेवी गाउँपालिका मा सबैभन्दा बढी २.७७ प्रतिशत बेरुजु देखिएको छ । गाउँपालिकाको ४ करोड २१ लाख ५६ हजार रुपैयाँ बेरुजु रहेको प्रतिवेदनमा उल्लेख छ । अघिल्लो आर्थिक वर्षमा खाँडादेवीको बेरुजु १.८६ प्रतिशत मात्रै थियो ।

त्यस्तै उमाकुण्ड गाउँपालिकाको बेरुजु पनि बढेर १.६० प्रतिशत पुगेको छ । अघिल्लो वर्ष ०.८० प्रतिशत रहेको गाउँपालिकाको बेरुजु गत आर्थिक वर्ष २ करोड ६ लाख ३४ हजार रुपैयाँ पुगेको हो ।

यससँगै खाँडादेवी गाउँपालिका रामेछाप जिल्लाकै सबैभन्दा बढी बेरुजु हुने पालिका बनेको छ भने उमाकुण्ड दोस्रो स्थानमा परेको छ ।

त्यसैगरी मन्थली नगरपालिका, लिखु तामाकोशी गाउँपालिका र रामेछाप नगरपालिका को पनि बेरुजु अघिल्लो वर्षको तुलनामा बढेको छ ।

मन्थली नगरपालिकाको अघिल्लो वर्ष ०.३४ प्रतिशत रहेको बेरुजु बढेर ०.८७ प्रतिशत पुगेको छ । त्यहाँ २ करोड ८ लाख १८ हजार रुपैयाँ बेरुजु देखिएको छ । लिखु तामाकोशी गाउँपालिकाको बेरुजु ०.७८ प्रतिशतबाट बढेर ०.८२ प्रतिशत पुगेको छ भने १ करोड १० लाख ८४ हजार रुपैयाँ बेरुजु कायम भएको छ ।

त्यस्तै रामेछाप नगरपालिकाको बेरुजु ०.५० प्रतिशतबाट बढेर ०.६२ प्रतिशत पुगेको छ । नगरपालिकामा १ करोड १६ लाख १४ हजार रुपैयाँ बेरुजु देखिएको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

# चिनियाँ कम्पनीहरूलाई अत्याधुनिक एआई चिप्स बिक्रीमा अमेरिकाको रोक

अमेरिकी वाणिज्य विभागले आइतबार एक आकस्मिक निर्देशिका जारी गर्दै चीन बाहिर रहेका चिनियाँ कम्पनीका सहायक कम्पनीहरूका एआई चिप्स निर्यात गर्ने 'लुपहोल' बन्द गरेको छ।

अमेरिकाले चिनियाँ कम्पनीहरूलाई अत्याधुनिक सेमिकन्डक्टर प्राप्त गर्नबाट रोक्ने प्रयास गरिरहेको भए पनि मलेसिया जस्ता देशहरूमा रहेका चिनियाँ एआई फर्मका सहायक कम्पनीहरूले यी चिप्स खरिद गरिरहेको आशङ्काबीच यो कदम चालिएको हो। वासिङ्टनमा यस लुपहोलको बारेमा एउटा अज्ञात प्रतिवेदन चर्चामा आएलगत्तै वाणिज्य विभागको 'ब्युरो अफ इन्डस्ट्री एन्ड सेक्युरिटी' ले यो नयाँ निर्देशन जारी गरेको हो। रोयटर्सले फेला पारेको उक्त प्रतिवेदनमा अत्याधुनिक चिप्स निर्यातका लागि 'चोर बाटो शान्त रूपमा खुलेको' उल्लेख थियो।

ट्रम्प प्रशासनले यो बाटो खुला छोडेको एक वर्षको अवधिमा कति सङ्ख्यामा चिप्स निर्यात भए भन्ने स्पष्ट नभए पनि चिप उद्योगका एक जानकारले यसको सङ्ख्या लाखौँमा हुन सक्ने अनुमान गरेका छन्।

नयाँ निर्देशिका अनुसार अब चीनमा मुख्यालय भई चीन बाहिर सञ्चालनमा रहेका चिनियाँ मातहतका निकायहरूलाई उन्नत चिप्स बिक्री गर्नका लागि पनि अनिवार्य रूपमा निर्यात अनुमति पत्र लिनुपर्ने व्यवस्था बीआईएसले गरेको छ। ब्युरोका प्रवक्ताले सन् २०२३ देखि नै कायम रहेको निर्यात अनुमति पत्रको आवश्यकतालाई यस निर्देशिकाले थप प्रस्ट पारेको र अमेरिकी प्रविधिको रक्षाका लागि कडा रूपमा निर्यात नियन्त्रण जारी राख्ने बताएका छन्।

एनभिडियाका एक अधिकारीले भने वाणिज्य विभागले यसअघि नै पत्रमार्फत स्पष्ट रूपमा अनुमति पत्रको दायरा तोकेकाले यो नयाँ निर्देशिकाले आफ्नो कम्पनीलाई खासै फरक नपार्ने बताएका छन्। अर्को ठूलो चिप निर्माता कम्पनी एएमडीले भने यस विषयमा तत्काल कुनै प्रतिक्रिया दिएको छैन।

# थारु समुदायलाई 'भोट बैंक' मात्रै नबनाइयोस् : तेजुलाल चौधरी

काठमाडौं । नेपाली कांग्रेसका नेता तेजुलाल चौधरीले थारु समुदायलाई राजनीतिक दलहरूले केवल 'भोट बैंक' को रूपमा मात्र प्रयोग गरेको भन्दै पार्टी नेतृत्वप्रति असन्तुष्टि व्यक्त गरेका छन् ।

सानेपामा आयोजित नेपाल थारु संघको प्रथम महाधिवेशनलाई सम्बोधन गर्दै कार्यक्रममा बोल्दै नेता चौधरीले थारु समुदायको मुद्दा र प्रतिनिधित्वको सवालमा कांग्रेस गम्भीर नभएको आरोप लगाएका हुन् ।

पूर्वमन्त्रीसमेत रहनुभएका नेता चौधरीले देशमा सातवटा प्रदेश रहँदा पनि थारुहरूको बाहुल्यता रहेका क्षेत्रमा समेत उचित प्रतिनिधित्व नगराइएकोमा आपत्ति जनाए ।

मधेश प्रदेशमा जनसङ्ख्या कम भएपनि थारुहरूले लडेर मन्त्री पद लिएको उदाहरण दिँदै उनले अन्य प्रदेशमा पार्टीले थारु समुदायलाई उपेक्षा गरेको बताए ।

संविधान कार्यान्वयनको सन्दर्भमा बोल्दै नेता चौधरीले २०७२ सालमा संविधान घोषणा भएको लामो समय बितिसक्दा पनि निजामती सेवा ऐनमा थारु समुदायका लागि आरक्षणको व्यवस्था सुनिश्चित हुन नसकेको उल्लेख गरे ।



थारुहरूले आफ्ना हकका लागि पटक-पटक कानुनी र राजनीतिक लडाइँ लड्नुपरेको तर पार्टीका अन्य नेताहरूले यसमा साथ नदिएको उनको गुनासो छ ।

'सुदूरपश्चिममा थारुहरूको ठूलो जनसङ्ख्या छ, तर त्यहाँ मन्त्री बनाइएको छैन । लुम्बिनी र कोशी प्रदेशमा हाम्रो सरकार हुँदा पनि थारु समुदायबाट किन मन्त्री बनाइएन ?,' उनले भने, 'तपाईंहरू समावेशिताको कुरा गर्नुहुन्छ, तर व्यवहारमा कहाँ छ समावेशिता ? के थारुका मुद्दामा थारु मात्र बोल्ने हो ? पार्टीले यसको जिम्मेवारी लिनु पर्दैन ?'

नेता चौधरीले टीकापुर घटनासम्बन्धी लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न समेत माग गरे ।

उनले संसदीय दलका नेता र पार्टी नेतृत्वलाई उक्त प्रतिवेदन प्रकाशनका लागि सदन र सरकारमा आवाज उठाउन आग्रह गरे ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ४३,
२०८३ साल जेठ १९ गते मंगलबार
4 JUNE 2026, TUESDAY

# हिमालयन बैंक र यूनियनपे बीच सहकार्य




हिमालयन बैंक लिमिटेडले चीनको प्रसिद्ध कार्ड ब्रान्ड यूनियनपेसँगको सहकार्यमा 'आइएमी पे कार्ड सेवा' सञ्चालनमा ल्याएको छ। यस सेवाले नेपालका स्थानीय ग्राहकहरूलाई चीनसहित विभिन्न अन्तर्राष्ट्रिय भुक्तानी प्रणालीसँग सहज पहुँच दिलाउने लक्ष्य राखेको बैंकले जनाएको छ।

बैंकले नेपालमा पहिलो पटक यूनियनपे कार्ड सेवाको औपचारिक सुरुवात गर्दै ग्राहकहरूलाई एटीएम, पीओएस, क्यूआर कोड तथा ई-कमर्स प्लेटफर्ममार्फत सुरक्षित तथा सहज डिजिटल भुक्तानी सेवा उपलब्ध गराउने व्यवस्था गरेको हो।

यस सेवामार्फत व्यक्ति तथा संस्थागत ग्राहकहरूले विदेश यात्रा, व्यापार तथा दैनिक कारोबारका क्रममा यूनियनपे नेटवर्कसँग आबद्ध विभिन्न माध्यमहरू प्रयोग गरी सजिलै भुक्तानी गर्न सक्नेछन्। साथै, बैंकले क्यूआर प्रणालीमार्फत अलीपे, वीच्याट पे तथा निहाओ चाइना जस्ता डिजिटल प्लेटफर्मसँग समेत अन्तरआबद्धता विस्तार गरिएको जनाएको छ, जसले चिनियाँ मुद्रामा समेत सहज भुक्तानी सम्भव बनाउनेछ।

कार्यक्रम अन्तर्गत काठमाडौंस्थित म्यारीट होटलमा आयोजित विशेष शुभारम्भ समारोहमा हिमालयन बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शमशेर राणा तथा यूनियनपे इन्टरनेशनलका उपाध्यक्ष झाङ बेइलले संयुक्त रूपमा सेवाको औपचारिक शुभारम्भ गरेका थिए । बैंकका अनुसार यो सेवा नेपाल-चीन व्यापार, पर्यटन तथा डिजिटल भुक्तानी प्रणालीलाई थप सहज, सुरक्षित र आधुनिक बनाउन महत्वपूर्ण हुने विश्वास लिइएको छ। साथै, अन्तर्राष्ट्रिय यात्रु तथा व्यावसायिक ग्राहकहरूलाई लक्षित गर्दै सेवा विस्तार गरिएको पनि बैंकले जनाएको छ।

कार्यक्रममा बैंक तथा यूनियनपेका उच्च अधिकारी, बैंकिङ क्षेत्रका प्रतिनिधि, व्यवसायी तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो।

# चेम्बर अध्यक्ष अग्रवाल र साउदी राजदूत मनिकरबीच द्विपक्षीय व्यापार तथा लगानी बारे छलफल



काठमाडौं । नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश कुमार अग्रवाल र नेपालका लागि साउदी अरेबियाका राजदूत फाहद मोहम्मद ए. मनिकरबीच नेपाल चेम्बर अफ कमर्स सचिवालयमा भेटवार्ता भएको छ।

भेटका क्रममा द्विपक्षीय आर्थिक तथा व्यापारिक सम्बन्ध, लगानी प्रवर्धन, पर्यटन विकास तथा खाडी क्षेत्रमा कार्यरत नेपालीहरूको सुरक्षालगायतका विषयमा विस्तृत छलफल भएको जनाइएको छ। सो अवसरमा अध्यक्ष अग्रवालले साउदी अरेबिया नेपालका लागि अत्यन्त महत्वपूर्ण आर्थिक साझेदार रहेको बताएका थिए।

विशेषगरी वैदेशिक रोजगारी, विप्रेषण (रेमिट्यान्स) तथा लगानीका सम्भावनाका कारण साउदी अरेबियाको भूमिका नेपालको अर्थतन्त्रमा महत्वपूर्ण रहेको उनले उल्लेख गरेका थिए। त्यसक्रममा अग्रवालले हाल नेपाल र साउदी अरेबियाबीचको द्विपक्षीय व्यापार करिब १० मिलियन अमेरिकी डलर रहेको जानकारी दिँदै करिब ९ मिलियन डलर बराबरको आयात तथा १ मिलियन डलर बराबरको निर्यात भइरहेको बताएका थिए।

श्रम सहकार्यमा मात्र सीमित नभई व्यापार, पर्यटन, लगानी तथा आर्थिक विकासका क्षेत्रमा समेत सहकार्य विस्तार गर्नुपर्ने उनको धारणा थियो। अग्रवालले नेपालमा जलविद्युत, पर्यटन, कृषि तथा जडीबुटी, सूचना प्रविधिलगायतका क्षेत्रमा अपार सम्भावना रहेको उल्लेख गर्दै हालै सम्पन्न निर्वाचनपछि स्थिर सरकार बनेकाले निजी क्षेत्र उत्साहित रहेको र नेपालमा साउदी लगानी विस्तार गर्न आग्रह समेत गरेका थिए।

खाडी मुलुकबाट प्राप्त हुने रेमिट्यान्स नेपालको अर्थतन्त्रको प्रमुख आधारमध्ये एक भएको उल्लेख गर्दै उनले साउदी अरेबियाले हजारौं नेपाली युवालाई रोजगारी प्रदान गर्दै आएको बताएका थिए। निर्माण, पूर्वाधार, सुरक्षा सेवा, आतिथ्य तथा पर्यटन, स्वास्थ्य सेवा, यातायात तथा लजिस्टिक्स क्षेत्रमा नेपालीहरू कार्यरत रहेको उनले जनाएका थिए।

अग्रवालले साउदी अरेबियाको 'भिजन २०३०' कार्यक्रमले नेपालका लागि नयाँ अवसर सिर्जना गरेको उल्लेख गर्दै नियोम, द रेड सी परियोजना तथा क्युदिया जस्ता मेगा परियोजनाहरूमा नेपाली जनशक्ति, ठेकेदार तथा सहयोगी उद्योगहरूले योगदान दिन सक्ने धारणा उनले राखेका थिए।

भेटका क्रममा राजदूत मनिकरले साउदी अरेबिया विदेशी लगानी तथा आर्थिक साझेदारीका लागि खुला हुँदै गएको बताएका थिए। आगामी सन् २०३४ को फिफा विश्वकप तथा एक्स्पो २०३० जस्ता अन्तर्राष्ट्रिय कार्यक्रमहरूले विभिन्न क्षेत्रमा लगानी सहकार्यका थप अवसर सिर्जना गर्ने उनको भनाइ थियो।

साउदी अरबमा पछिल्लो समय अन्तराष्ट्रिय कम्पनीहरु भित्रने क्रम बढेको तथा विदेशी लगानी थप आकर्षित हुँदै गएको समेत उनले जानकारी गराएका थिए।

छलफलका क्रममा पश्चिम एसियाको विकसित परिस्थितिबारे समेत विचार आदानप्रदान भएको थियो। विशेषगरी त्यहाँ कार्यरत नेपाली नागरिकहरूको सुरक्षा र हितका विषयमा दुवै पक्षले चासो व्यक्त गरेका थिए। राजदूत मिनकरले आफ्नो कार्यकालमा नेपाल-साउदी सम्बन्ध अझ सुदृढ हुने विश्वास व्यक्त गरेका थिए।

भेटका अवसरमा नेपाल चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष दिपक कुमार मल्होत्राले नेपालमा लगानीको वातावरण अत्यन्तै सकारात्मक बन्दै गएको बताएका थिए।

# बजेटमार्फत राष्ट्रिय वाणिज्य बैंकको पुँजी वृद्धिको घोषणा : पाँच वर्षमा २८ अर्ब पुऱ्याइने

काठमाडौं। सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत पुंजी वृद्धिको नीति सार्वजनिक गरेकामा राष्ट्रिय वाणिज्य बैंकले पाँच वर्षे योजना अगाडि सारेको छ।

बैंकले चुक्ता पुँजी चरणबद्ध रुपमा बढाउँदै पाँच वर्षभित्र २८ अर्ब पुऱ्याउने योजना अगाडि सारेको हो। अहिलेको पुँजीले व्यवसाय विस्तार गर्न कठिन भएकाले बैंकले बढाउँदै लैजाने योजना बनाएको छ। बैंकको चुक्ता पुँजी हाल १५ अर्ब ६३ करोड रुपैयाँ छ।

बैंकका प्रमुख कार्यकारी अधिकृत (सीइओ) देवेन्द्ररमण खनाल व्यवसाय विस्तारको गति बढ्दै जाँदा हालको पुँजी संरचना पर्याप्त नरहेकाले वृद्धिको योजना तयार पारेको बताउँछन्।

'बजेटबाट राष्ट्रिय वाणिज्य बैंकको पुँजी वृद्धि गर्ने विषय आएको छ। जुन महत्वपूर्ण कुरा छ,' उनले बिजमाण्डूसँग भने, 'पुँजी नबढाई बिजनेस विस्तार गर्न नसकिने हुँदा हामीले पुँजी वृद्धिको योजना बनाएका हौं।'

बैंकले पुँजी वृद्धिको योजना अर्थ मन्त्रालयमा पेस गरिसकेको छ। योजनामा चुक्ता पुँजी पहिलो चरणमा साढे ४ अर्ब थप्नुपर्ने उल्लेख छ। बैंक हाल थप ८/१० अर्ब मात्रै कर्जा लगानी गर्न सक्ने अवस्थामा छ। थप कर्जा लगानी गर्न पहिलो चरणमा साढे ४ अर्ब पुँजी थप्नुपर्ने सीइओ खनालले बताए।



अहिले बैंकहरुको औसत कर्जा निक्षेप अनुपात (सीडी रेसियो) ७२ प्रतिशत छ। राष्ट्रिय वाणिज्य बैंकको यस्तो रेसियो ५७ प्रतिशतमा आएको छ। उल्लेख्य लगानीयोग्य रकम रहेका बेलामा पुँजीकोषका कारण बैंकले व्यवसाय बढाउन नसक्ने अवस्था छ।

'अहिले ८-१० अर्ब रुपैयाँसम्मका कर्जा मात्र सहजरूपमा प्रवाह गर्न सक्ने अवस्था छ। व्यवसाय विस्तारको आवश्यकता अनुसार पुँजी बढाउँदै जानुपर्छ,'खनालले भने, 'व्यवसाय विस्तार, कर्जा प्रवाह तथा नियामकीय आवश्यकता पुरा गर्न थप पुँजी आवश्यक देखिएकाले योजना बनाइएको हो।'

पहिलो चरणमा साढे चार अर्ब रुपैयाँ थपेपछि नाफा तथा थप लगानीमार्फत चरणबद्ध रूपमा पुँजी विस्तार गर्ने बैंकको योजना छ।

नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षका लागि १२.५ प्रतिशत कर्जा विस्तारको लक्ष्य निर्धारण गरे पनि राष्ट्रिय वाणिज्य बैंकले त्यो भन्दा माथिको दरमा व्यवसाय विस्तार गरेको जनाएको छ। पछिल्लो १० महिनामा मात्रै बैंकले ४० अर्ब रुपैयाँ लगानी विस्तार गरेको छ। थप लगानी गर्न भने बैंकलाई आफ्नो पुँजी आवश्यक हुन्छ।

हाल बैंक तथा वित्तीय संस्थाहरुमा १३ खर्ब रुपैयाँ भन्दा बढी लगानीयोग्य रकम थुप्रिएको छ।

सरकारले बजेटमार्फत सरकारी बैंकहरूको पुँजी वृद्धि गर्ने नीति घोषणा गरेका कारण आफ्नो प्रस्ताव अब स्वीकृत हुने राष्ट्रिय वाणिज्य बैंकको विश्वास छ।

पुँजी वृद्धिपछि बैंकको कर्जा प्रवाह क्षमता, लगानी विस्तार तथा निजी क्षेत्रका ठूला बैंकसँग प्रतिस्पर्धात्मक क्षमता अझ सुदृढ हुने खनालले बताए।

देशमै सबैभन्दा ठूलो शाखा सञ्जालमध्येको एक राष्ट्रिय वाणिज्य बैंक दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत वित्तीय पहुँच विस्तार गर्ने बैंकका रूपमा परिचित छ। यही कारण सरकारले बजेटमार्फत नै पुँजी वृद्धिको घोषणा गरेको हो।

# लागत घटाउनुपर्ने दबाबले सुविधा त्याग्दै बैंकहरु, करिडोरभन्दा तल झारे निक्षेपको ब्याजदर




काठमाडौं। बैंक तथा वित्तीय संस्थाहरूले निक्षेपको ब्याजदर नेपाल राष्ट्र बैंकले तोकेको ब्याजदर करिडोरको तल्लो सीमा (फ्लोर रेट) भन्दा तल झार्न थालेपछि बैंकिङ क्षेत्रमा नयाँ बहस सुरु भएको छ।

अधिक तरलताका बेला कर्जाको माग बढ्न नसकेपछि लागत कम गर्ने दबावबीच केही बैंकले स्थायी निक्षेप सुविधा (एसडीएफ) छाडेर ब्याजदर थप घटाउनतिर लागेपछि नयाँ बहस सुरु भएको हो।

राष्ट्र बैंकले ब्याजदर स्थायित्व कायम गर्न करिडोरको तल्लो सीमा २.७५ प्रतिशत कायम गरेको छ। यही दरमा बैंक तथा वित्तीय संस्थाले अतिरिक्त तरलता राष्ट्र बैंकमा 'पार्क' गर्न पाउने व्यवस्था छ।

तर, यो सुविधा उपयोग गर्न बैंकहरूले बचत तथा मुद्दती निक्षेपमा दिने न्यूनतम ब्याजदर २.७५ प्रतिशतभन्दा कम हुनु हुँदैन। नेपाल राष्ट्र बैंक खुला बजार कारोबारसम्बन्धी कार्यविधि, २०७८ (सातौं संशोधन) मा यस सम्बन्धी व्यवस्था छ।

कार्यविधिअनुसार कुनै बैंक वा वित्तीय संस्थाले स्वदेशी मुद्राको बचत वा मुद्दती निक्षेपमा दिने ब्याजदर एसडीएफको ब्याजदरभन्दा कम कायम गरेमा त्यस्ता संस्थाले राष्ट्र बैंकमा एसडीएफअन्तर्गत रकम राख्न पाउँदैनन्।

राष्ट्र बैंकका निर्देशक सुमन नेउपानेका अनुसार साधारण बचत वा मुद्दती निक्षेपको ब्याजदर २.७५ प्रतिशतभन्दा तल झार्ने संस्था एसडीएफ सुविधाका लागि योग्य हुँदैनन्।

'बैंक तथा वित्तीय संस्थाहरूले बचत वा मुद्दती निक्षेपको ब्याजदर करिडोरको तल्लो सीमाभन्दा तल झारे उनीहरूले एसडीएफ सुविधा लिन पाउँदैनन्। साथै, अन्तरबैंक राफसाफ नगरी एसडीएफ सुविधा उपयोग गर्न पाइँदैन,' उनले भने।

उनका अनुसार राष्ट्र बैंकमा २.७५ प्रतिशत ब्याजदरमा अतिरिक्त तरलता राख्न बैंकहरूले ब्याजदर र अन्तरबैंक कारोबारसम्बन्धी सर्त पूरा गर्नुपर्छ।

हाल बैंकिङ प्रणालीमा अत्यधिक तरलता थुप्रिएको अवस्था छ। कर्जा-निक्षेप अनुपात (सीडी रेसियो)का आधारमा बैंक तथा वित्तीय संस्थामा करिब १३ खर्ब रुपैयाँ तरलता छ। त्यसमध्ये करिब ९ खर्ब रुपैयाँ राष्ट्र बैंकले विभिन्न उपकरणमार्फत बजारबाट खिचेको छ।

राष्ट्र बैंकले निक्षेप संकलन उपकरण र एसडीएफ प्रयोग गर्दै बजारबाट तरलता प्रशोचन गरिरहे पनि केही बैंक एसडीएफ छोडेर लगानीका अन्य उपकरणतर्फ जाने रणनीतिमा लागेका छन्। पछिल्लो समय केही बैंकले निक्षेपको ब्याजदर २.७५ प्रतिशतभन्दा तल झारिसकेका छन्।

स्टान्डर्ड चार्टर्ड बैंकले साधारण बचत मात्र होइन, मुद्दती निक्षेपको ब्याजदरसमेत २.४८ प्रतिशतमा झारेको छ। नारायणी डेभलपमेन्टले २.२५ प्रतिशत र एक्सल डेभलपमेन्ट बैंकले २.४० प्रतिशत ब्याजदर कायम गरेका छन्।

एक्सल डेभलपमेन्ट बैंकका सूचना अधिकारी श्यामबहादुर बोहराले निक्षेपको ब्याजदर योजनाबद्ध रुपमा नै फ्लोर रेटभन्दा तल झारेको बताए।

'हामीले निक्षेपको ब्याजदर २.४० प्रतिशत कायम गरेका छौं। २.७५ प्रतिशतभन्दा तल आएपछि राष्ट्र बैंकमा पैसा राख्न पाइँदैन। राष्ट्र बैंकमा पैसा राख्नुभन्दा अन्य उपकरणमा लगानी गर्ने उद्देश्यले ब्याजदर घटाएका हौं,' बोहराले भने।

उनका अनुसार बैंकले बेसरेट घटाउने रणनीतिअनुसार पनि निक्षेपको ब्याजदर घटाएको हो। बेसरेट घट्दा ऋण सस्तिन्छ। 'हामीले एसडीएफभन्दा अन्य उपकरणमा लगानी गर्ने र निक्षेपको लागत घटाएर बेसरेट तल ल्याउने रणनीति अपनाएका छौं,' बोहराले भने।

कर्जा विस्तार सुस्त हुँदा तरलता व्यवस्थापन र लागत नियन्त्रण बैंकहरुका लागि अहिले मुख्य चुनौती बनेको छ। यस्तो अवस्थामा बैंकहरुले राष्ट्र बैंकको सुरक्षित तर कम प्रतिफलयुक्त एसडीएफ सुविधा त्यागेर वैकल्पिक लगानी र कम लागतको रणनीति रोज्न थालेका हुन्।

# एन आई सी एशिया बैंकको २८औं वार्षिक साधारण सभा सम्पन्न

एन आई सी एशिया बैंक लिमिटेडको २८औं वार्षिक साधारण सभा जेठ १८ गते सम्पन्न भएको छ ।

काठमाडौं भद्रकालीस्थित आर्मी अफिसर्स क्लबमा सम्पन्न भई सभाले आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक विवरणहरु उपर छलफल गरी स्वीकृत गरेको छ ।

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम सम्बन्धित निकायहरुको आवश्यक स्वीकृति प्राप्त गरी बैंकको तत्काल कायम गरेको साधारण शेयरको चुक्ता पुँजीको २:१ अनुपातमा हकप्रद शेयर जारी गर्न सभाले स्वीकृति प्रदान गर्नुको साथै अन्य विभिन्न प्रस्तावहरु पारित गरेको छ ।

सभाले संस्थापक शेयरधनीहरुको तर्फबाट अशोक कुमार अग्रवाल, रामचन्द्र संघई, जयन्त कुमार अग्रवाल र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट आदित्य कुमार अग्रवाल, केशव प्रसाद लम्साल र अनुपा प्रधान राजभण्डारीलाई निर्विरोध निर्वाचित गरेको छ ।

एन आई सी एशिया बैंकको नेतृत्वमा लगानी सुनिश्चित भएको यस जलविद्युत आयोजना निर्माण सम्पन्न पश्चात मुलुकमा स्वच्छ उर्जा उत्पादन भई मुलुकको आर्थिक वृद्धि र स्वच्छ वातावरणीय पक्षमा समेत विशेष टेवा पुग्ने बैंकले विश्वास लिएको छ ।

आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP



# नेपालकै भूमिमा गरिएको तटबन्ध निर्माणमा एसएसबीको अवरोध : सुस्ता बचाउ अभियान



काठमाडौं । सुस्ता बचाउ अभियान नवलपरासी नेपालले दुवै पक्षले विवादित नभनेको भूमिमा पनि भारतले नेपाललाई तटबन्ध निर्माण गर्न नदिएको जनाएको छ ।

नेपाल पक्षका अनुसार थारू टोलको सिमलको रुखसम्म नेपाल पर्दछ । भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले भने सिमलको रुखभन्दा करिब एक सय मिटर तल रहेको भेल्लरको रुखसम्म मात्र नेपालको हो भन्दै आएको छ । तर तटबन्धको काम भइरहेको भेल्लरको रुखभन्दा पनि तल (नेपाल तर्फ) हो ।

'भारतले नै दाबी गरेको क्षेत्रभन्दा ३० मिटर नेपालतर्फ बनेको तटबन्ध पनि एसएसबीले रोकेको छ,' सुस्ता बचाउ अभियानका प्रवक्ता रविन्द्र जैसवालले अनलाइनखबरसँग भने ।

नेपालको दाबीअनुसारको सिमलको रुखसम्म समेट्ने गरी १३२ मिटर लामो तटबन्ध बनाउने गरी ठेक्का लगाइएको हो ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गत चितवनको भरतपुरस्थित सिँचाइ तथा जलस्रोत आयोजना कार्यालयले नारायणी नदीको बाढी नियन्त्रणका लागि पश्चिम नवलपरासीको सुस्तामा करिब १२ करोडको लागतमा तटबन्ध निर्माणको काम गर्दै आएको छ ।

नदीको तलतिर (डाउनस्ट्रिम) करिब एक किलोमिटर लामो तटबन्ध निर्माणको काम भइरहेको छ । अहिले काम भइरहेको करिब ४०० मिटर माथितिर (अपस्ट्रिम) तर्फ थप १३२ मिटर लामो तटबन्ध बनाउनका लागि ठेक्का लागिसकेको छ । तर काम सुरु हुन बाँकी छ ।

'अस्ति एसएसबीका एक जना प्रतिनिधि अहिले काम भइरहेको ठाउँमा आएर काम रोक्नु भनेका थिए, त्यो क्रम हिजो पनि जारी रह्यो,' स्रोतले भन्यो ।

स्रोतका अनुसार भारतले आफ्नो भनेर दाबी गरेको र १३२ मिटरको बाँध बनाउन ठेक्का लागेको ठाउँतिर काम नै सुरु भएको छैन, अहिले काम भइरहेको नेपालकै भू-भागमा हो, त्यहाँ पनि काम नगर्न भनेर एसएसबीले रोकेको छ ।

एसएसबीले काम रोक्न भनेपछि आयोजनाका इन्जिनियरहरूले त्यसको जानकारी जिल्ला प्रशासन कार्यालयमा गराएका थिए । त्यसपछि प्रमुख जिल्ला अधिकारी दीपक नेपालले गृह मन्त्रालयमा जानकारी गराएका थिए । साथै सशस्त्र प्रहरीका अधिकारीलाई पनि सम्पर्क गरेर एसएसबीसँग सो विषयमा बुझ्न निर्देशन दिएका थिए ।

आइतबार नै भारतीय एसएसबी र नेपालको सशस्त्र प्रहरी बलका अधिकारीहरूबीच छलफल भएको थियो । तर निकास ननिस्किएको स्रोतले बतायो । त्यसैले अहिले नेपाली भूमिमा भइरहेको तटबन्धको काम पनि रोकिएको छ ।

अभियानका प्रवक्ता जैसवाल प्रधानमन्त्री बालेन शाहले १७ जेठको संसद् बैठकमा विवादित अभिव्यक्ति दिनु अगावै एसएसबीले तटबन्ध रोक्न आएको बताउँछन् ।

उनी भन्छन्, 'मेरो विचारमा प्रधानमन्त्रीको अभिव्यक्ति र यहाँको काम रोकिएको बीच सम्बन्ध छैन । बरु त्यस्तो अभिव्यक्तिले सीमा समस्या समाधानमा दीर्घकालीन असर पर्न सक्छ ।'

### ओलीको दाबी

# पुराना दल सिध्याउने षडयन्त्र जारी, प्रदेश र स्थानीय चुनाव एकैपटक हुने



काठमाडौं- नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले लोकतन्त्रका लागि लामो संघर्ष गरेका पुराना राजनीतिक दल र नेतृत्वलाई सिध्याउने तथा विस्थापित गर्ने षडयन्त्र जारी रहेको बताएका छन्। शुक्रबार पार्टीको अन्तरपार्टी निर्देशन (अपानि)-२ जारी गर्दै अध्यक्ष ओलीले यस्तो सन्देश पठाएका हुन्।

अध्यक्ष ओलीले गत २३ र २४ भदौको घटनापछि प्रतिगमनतर्फ बढेको मुलुकलाई संविधान र लोकतन्त्रको सही लयमा फर्काउन प्रतिनिधि सभा पुनर्स्थापना अपरिहार्य रहेको पार्टीको विश्लेषण भए पनि अन्य दलहरूले साथ नदिएको दाबी गरे। "नेपालका अन्य लोकतान्त्रिक दलहरूले साथ नदिएका कारण हाम्रो पार्टी समेत निर्वाचनमा जान बाध्य भएको थियो," ओलीले अपानिमा स्पष्ट पारेका छन्।

अरू दलको असहयोगका कारण निर्वाचनमा होमिनु परे पनि चुनावको परिणाम एमाले र देशका प्रमुख लोकतान्त्रिक पार्टीहरूको पक्षमा नरहेको उनले स्वीकार गरे। निर्वाचन प्रक्रियाप्रति शंका व्यक्त गर्दै ओलीले यो निर्वाचन अघिपछिको जस्तो स्वाभाविक नरहेको उल्लेख गरे, जसका बारेमा पार्टीले छिट्टै समीक्षा प्रतिवेदनमार्फत आफ्नो आधिकारिक दृष्टिकोण बाहिर ल्याउने जानकारी दिए।

यसैगरी, अध्यक्ष ओलीले वर्तमान सरकार र निर्वाचन आयोग प्रदेश सभा र स्थानीय तहको निर्वाचन एकैसाथ गराउने तयारीमा जुटिरहेको सूचना कार्यकर्तामाझ पठाएका छन्। आगामी निर्वाचनको पृष्ठभूमिमा एमालेभित्रको एउटा हिस्सा निराश र पलायन हुन खोजिरहेको उल्लेख गर्दै उनले कार्यकर्तामा रहेको निराशालाई चिरेर आशाको सञ्चार जागृत गराउनु आवश्यक रहेको कुरामा जोड दिएका छन्।

# सर्लाहीमा ४० किलोमिटर हुलाकी सडक निर्माण एक दशकदेखि अधुरै

सर्लाही । सर्लाहीमा पूर्व-पश्चिम हुलाकी सडक निर्माणको काम ठेक्का लागेको एक दशकसम्म पनि पूरा भएको छैन ।

हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरले संग्रामपुरस्थित बाँके खोलादेखि बलरास्थित बागमती नदीसम्मको ४० किलोमिटर सडक तीन खण्डमा ठेक्का दिएको थियो । २०७३ साउनदेखि सुरु भएको निर्माण कार्य हालसम्म सात पटक म्याद थप हुँदासमेत सम्पन्न हुन सकेको छैन ।

निर्देशनालयले बाँके खोलादेखि सदरमुकाम मलंगवासम्म १५ किलोमिटर सडक निर्माणका लागि २३ करोड रुपैयाँमा हिन्दुंग ठक्कर हिरा एन्ड नमिता कन्स्ट्रक्सनलाई दिएको थियो । यसैगरी मलंगवादेखि रहुवासम्मको १५ किलोमिटर सडक २४ करोड रुपैयाँमा हिन्दुंग ठक्कर साह निर्माण सेवाले नै पाएको थियो ।

यस्तै रहुवादेखि बलरास्थित बागमती नदी किनारसम्मको १० किलोमिटर सडक १६ करोड रुपैयाँमा हिन्दुंग ठक्कर डिभा कन्स्ट्रक्सनले पाएको थियो । हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरका सूचना अधिकारी तथा इन्जिनियर रञ्जित कुमार रायका अनुसार बाँके खोलादेखि



मलंगवासम्मको १५ किलोमिटर सडक अझै अधुरो अवस्थामा छ । 'कतिपय स्थानमा कालोपत्रे गरिए पनि बिग्रिएको छ, धेरै ठाउँमा काम अधुरै छ,' उनले भने ।

उनका अनुसार मलंगवादेखि रहुवासम्मको १५ किलोमिटर सडकमा कालोपत्रे सम्पन्न भए पनि मुसैलीस्थित एकपोखरी अगाडि करिब १०० मिटर सडक कालोपत्रे हुन बाँकी छ । रहुवादेखि बलरास्थित बागमती नदी किनारसम्मको १० किलोमिटर सडक पनि अधुरै रहेको उनले बताए ।

सडकसँगै दुई ठूला पुल निर्माणमा समेत ढिलाइ भएको छ । झिम र लखनदेही नदीमा बन्ने पुलको ठेक्का वेदांशी कन्स्ट्रक्सनले पाएको छ । दुवै पुलको लागत करिब ३०-३० करोड रुपैयाँ रहेको कार्यालयले जनाएको छ । इन्जिनियर रायका अनुसार लखनदेही पुलको डिजाइन स्वीकृत भइसके पनि निर्माण कार्य सुरु हुन सकेको छैन भने झिम पुलको डिजाइन स्वीकृत नभएका कारण काम अघि बढ्न सकेको छैन । दुवै पुल निर्माणको म्याद २०८४ साउन मसान्तसम्म छ ।

प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले हुलाकी सडक निर्माणको काम अघि बढिरहेको दाबी गरे । उनका अनुसार केही दिनअघि मात्रै हुलाकी राजमार्ग आयोजना कार्यालय जनकपुरका प्रमुख कृष्णकुमार महतोसँग छलफल भएको थियो ।

'कौडेना क्षेत्रमा कल्भर्ट निर्माणका विषयमा स्थानीयले अवरोध गरेका थिए, त्यो समस्या समाधान गरिएको छ,' उनले भने, 'ठेकेदारसँग पनि पटक-पटक छलफल भइरहेको छ । काम समयमै सम्पन्न गर्न निर्देशन दिएका छौं । निर्धारित समयमा काम नभए कारबाही प्रक्रिया अघि बढाउने समेत बताएका छौं ।'

उनले सम्बन्धित निकायहरूसँग निरन्तर समन्वय भइरहेको उल्लेख गर्दै निर्माण कार्य समयमै सम्पन्न हुने विश्वास व्यक्त गरे ।

हुलाकी सडक निर्माणका लागि यहाँका बासिन्दाले लामो समयदेखि दबाब दिँदै आइरहेका छन् । सडक निर्माणमा दबाब सिर्जना गर्ने उद्देश्यले पटक-पटक जिल्लाका सांसद, पालिका प्रमुख, नागरिक समाजका अगुवालगायत धर्नामा बस्दै आएका छन् । सरकारका मन्त्रीहरूले पटक-पटक जिल्ला आएर आश्वासन दिँदासमेत हुलाकी सडकको अवस्था उस्तै रहँदा यहाँका बासिन्दा निराश भइरहेका छन् ।

हुलाकी सडकमा पर्ने मलंगवा-२ का स्थानीय मनोज यादवले निर्माण कम्पनी र सम्बन्धित निकाय दुवैको कमजोरीका कारण आयोजना लम्बिएको बताए । 'समयमै अनुगमन र दबाब भएको भए सडक यति लामो समय अधुरो रहने थिएन,' उनले भने ।

# प्रधानमन्त्रीले बोलेको विषय निन्दनीय र घोर आपत्तिजनक : गगन थापा



काठमाडौं । नेपाली कांग्रेसका सभापति गगन थापाले प्रधानमन्त्री बालेन्द्र शाह(बालेन)ले आइतबार प्रतिनिधिसभामा 'भारतको जग्गा नेपालले मिचेको' भन्ने विषय निन्दनीय रहेको टिप्पणी गरेका छन् । सोमबार कांग्रेसको नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा बोल्दै उनले प्रधानमन्त्री बालेनले बोलेको विषयमा आपत्ति जनाएका हुन् ।

'हिजो प्रधानमन्त्रीले एउटा कुरा बोल्नुभयो, नेपालको सार्वभौमिकता, नेपालको भौगोलिक अखण्डता र नेपालको राष्ट्रिय सुरक्षासँग जोडिएको यस्तो संवेदनशील विषयमा सम्माननीय प्रधानमन्त्री ज्युले राखेको विषय निन्दनीय छ । घोर आपत्तिजनक छ,' सभापति थापाले भने, 'र, नेपाली कांग्रेस पार्टीले यसको सम्पूर्ण रूपमा यसको विरोध गर्छ । हामीले यो कुरा प्रस्ट भनेका छौं ।' सीमा विवादजस्तो संवेदनशील विषयमा देशहरूका निश्चित अडान हुने उनले बताए । 'देशका अडान हुन्छन्, त्यसका पछाडि केही प्रमाण, कथन हुन्छन् । प्रधानमन्त्रीको अभिव्यक्तिले त्यसलाई कमजोर बनाएको छ,' सभापति थापाले भने ।

छिमेकीसँग कूटनीतिक माध्यमबाट समाधान गर्नसकिने सम्भावनालाई प्रधानमन्त्री बालेनको अभिव्यक्तिले क्षीण बनाएको उनले टिप्पणी गरे ।

# प्रधानमन्त्रीको अभिव्यक्तिको प्रमाण पेस गर्न राप्रपाको माग

काठमाडौं । राप्रपाका संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले प्रधानमन्त्री बालेन शाहले नेपालले भारतको सीमा मिचेको भन्दै बोलेको अभिव्यक्तिको प्रमाण पेस गर्न माग गरेका छन् ।

सोमबारको प्रतिनिधिसभाको आकस्मिक समयमा बोल्दै उनले प्रजातन्त्रमा अभिव्यक्ति स्वतन्त्रता भए पनि प्रधानमन्त्रीको अभिव्यक्ति जिम्मेवार पनि हुने बताए । उनले अनुमानका आधारमा चिया पसलमा गरिएको जस्तो कुरा नगर्न पनि प्रधानमन्त्रीको ध्यानाकर्षण गराए । 'अनुमानको आधारमा राष्ट्र चल्दैन भावनाको आधारमा चल्दैन । प्रमाण पेस गर्न म अनुरोध गर्छु,' उनले भने, 'प्रधानमन्त्रीले तथ्यबिना बोलिएको रेकर्डहरू हटाउन माग गर्दछु । यो चिया पसल होइन । नेपालले भारतको सीमा मिचेको कुरा प्रमाण पेस गर्न आग्रह गर्दछु ।'

# ५० युनिटभन्दा बढी विद्युत् खपतमा लगाइएको कर फिर्ता लिन कुलमानको माग

काठमाडौं । उज्यालो नेपाल पार्टीका अध्यक्ष एवम् पूर्वऊर्जामन्त्री कुलमान घिसिङले मासिक ५० युनिटभन्दा बढी विद्युत् खपत गर्ने उपभोक्तामाथि ५ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) निर्णय फिर्ता लिन माग गरेका छन् ।

सरकारले शुक्रबार प्रस्तुत गरेको बजेटमा ५० युनिटभन्दा धेरै विद्युत् खपत गर्ने उपभोक्तालाई ५ प्रतिशत कर लगाउने उल्लेख छ ।

घिसिङले सामाजिक सञ्जालमा वक्तव्य जारी गर्दै उक्त निर्णय आम उपभोक्ताको हित, ऊर्जा रूपान्तरणको लक्ष्य तथा स्वदेशमै उत्पादित स्वच्छ ऊर्जाको उपयोग बढाउने राष्ट्रिय अभियानविपरीत रहेकोले फिर्ता लिन माग गरेका हुन् । उनले मासिक ५० युनिटभन्दा बढी विद्युत् खपत गर्ने अधिकांश सामान्य घरायसी उपभोक्ता रहेको उल्लेख गर्दै नयाँ करले लाखौं परिवारको मासिक खर्च बढाउने र भान्सा अझ महँगो बन्ने दाबी गरेका छन् ।

घिसिङले विद्युत् पहुँच विस्तारसँगै घरायसी प्रयोजनमा विद्युतको प्रयोग बढिरहेको अवस्थामा सरकारले करको अतिरिक्त भार थपेर उपभोक्तालाई दण्डित गर्ने प्रयास गरेको आरोप समेत लगाएका छन् ।

खाना पकाउने, पानी तताउने तथा अन्य घरेलु प्रयोजनमा विद्युत् प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने बेला यस्तो कर लगाइनु उचित नभएको उनको तर्क छ । स्वदेशमै उत्पादित विद्युतको खपत बढाउन प्रोत्साहनमूलक नीति ल्याउनुपर्ने अवस्थामा सरकारले उल्टै विद्युत् प्रयोगलाई निरुत्साहित गर्ने कदम चालेको उनको टिप्पणी छ ।

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ललितपुर, बागमति प्रदेश, नेपाल

सूचना

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख
हरि गोविन्द श्रेष्ठ

उप- प्रमुख
लक्ष्मी महर्जन

प्रमुख प्रशासकीय अधिकृत
अमित ढुंगाना

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ४३,
२०८३ साल जेठ १९ गते मंगलबार
4 JUNE 2026, TUESDAY

### *एसियन स्मार्ट एग्रोको बृहत अन्तरक्रिया सम्पन्न*

# निर्वाहमुखी कृषिलाई व्यावसायिक बनाइने



सिराहा । एसियन स्मार्ट एग्रो कम्पनी लिमिटेडको विशेष अन्तरक्रिया कार्यक्रम सिराहाको गोलबजारस्थित होटेल पावन मिथिलामा भव्यताका साथ सम्पन्न भएको छ । कम्पनीका अध्यक्ष प्रवीण कुमार लामाको अध्यक्षतामा यहि जेष्ठ १५ गते शुक्रबार आयोजित उक्त कार्यक्रममा सञ्चालक चन्द्रमोहन श्याङ् वाले उपस्थित स्थानीय किसान, कृषि व्यवसायी तथा सम्पूर्ण सरोकारवालाहरूलाई स्वागत गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि जिल्ला उपसभापति दिलिपकुमार लामाले कृषि क्षेत्रको रूपान्तरणमा यस्ता अन्तरक्रियाको ठूलो भूमिका रहने बताए। कार्यक्रममा प्राविधिक तथा व्यावसायिक पक्षमाथि गहन छलफल भएको थियो । पशु विज्ञ जगत यादवले किसानहरूलाई परम्परागत खेती प्रणालीबाट माथि उठेर व्यावसायिक बन्न र आगामी दिनमा आफ्नो व्यवसायलाई आधुनिक एवं नाफामूलक कसरी बनाउने भन्नेबारे विस्तृत जानकारी गराए भने कम्पनीका अर्का सञ्चालक प्रदिप यादवले एसियन स्मार्ट एग्रोका आगामी योजना र किसान लक्षित विभिन्न कार्यक्रमहरूमाथि प्रकाश पार्दै कम्पनीले किसान हितका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

अन्तरक्रियाका क्रममा उपस्थित किसानहरूले आफ्ना व्यावहारिक समस्याहरू राख्दै महत्वपूर्ण सुझावहरू दिएका थिए । किसानहरूले उत्पादित कृषि सामग्री बिक्रीका लागि व्यवस्थित बजार प्रणालीको विकास गर्न, प्राकृतिक प्रकोपबाट बच्न बाली बीमाको व्यवस्था मिलाउन, उत्पादन सुरक्षित राख्न कोल्ड स्टोर (शीत भण्डार) स्थापना गर्न तथा सरकार र बैंकहरूबाट उपलब्ध हुने अनुदानमा आधारित कृषि कर्जाका लागि कम्पनीले समन्वयकारी भूमिका खेलिदिन आग्रह गरेका थिए ।

# सञ्जालको लहरबाट उदाएका शक्ति दिगो हुँदैनन् : वर्षमान पुन

काठमाडौं । नेपाली कम्युनिस्ट पार्टीका सांसद वर्षमान पुनले सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्मको लहरबाट उदाएका राजनीतिक शक्तिहरू दिगो नहुने बताएका छन् ।

शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले त्यस्ता शक्तिहरू छिट्टै ओरालो लाग्ने दाबी गरेका हुन् । पछिल्लो समय विकसित राजनीतिक प्रवृत्तिको विश्लेषण गर्दै नेता पुनले यस्ता शक्तिहरूमा विचार र नेतृत्वको अभाव रहेको टिप्पणी गरे ।

सांसद पुनले अहिलेको डिजिटल युगमा एजेण्डाहरू सामाजिक सञ्जालबाटै तय हुने र त्यहाँ कुनै निश्चित नेतृत्व नहुने पनि बताए ।

नेता पुनले भर्चुअल दुनियाँको प्रभावका कारण निर्वाचनका क्रममा मतदान केन्द्रमा भौतिक उपस्थिति कम देखिए पनि परिणाम भने अनपेक्षित आउने गरेको उल्लेख गरे ।

‘अहिले यति तीव्रतामा आएको आन्दोलन त्यस्तै तीव्रतामा जान सक्छ र भोलि फेरि हामी स्थापित दलहरूले नै यो देश सम्हाल्ने, समाज सम्हाल्ने अवस्था आउँछ । त्यसो भएर यो गयो, लग्यो, ८२ सकियो होइन, स्थानीय चुनाव जाँदा नजाँदै पनि तल झर्न सक्छ,’ उनले भने ।

आफ्ना कार्यकर्ता र संगठनहरूलाई आजको प्रविधिमैत्री बनाउनु चुनौतीपूर्ण रहेको स्वीकार गर्दै भर्चुअल माध्यमबाट उठेका आन्दोलनहरू जति छिटो माथि पुग्छन्, उति नै छिटो पतन हुने तर्क उनको थियो ।

**के भने पुनले ?**

अहिले डिजिटल प्लेटफर्महरूमा, सामाजिक सञ्जालहरूमा, सञ्चार माध्यमहरूमा एजेण्डा बन्छ । त्यसपछि बराबरी सबै तेर्सो खालको मान्छेहरू, नेता कोहि नेतृत्व गर्ने हुँदैन, त्यही नै एजेण्डा बन्छ । लाइक माइन्डेडहरू, मन मिल्नेहरूको ग्रुप बन्छ र तिनीहरूले एउटा एजेण्डा सेट गर्छन्, एउटा तरिका यो भएको छ । दोस्रो कुरा, यो यति धेरै आक्रामक छ, तिब्र छ कि कतिखेर कहाँ विष्फोट हुन्छ भन्न सकिने अवस्था छैन, यस्तो छ दोस्रो कुरा । तेस्रो कुरा असाध्यै हिंसात्मक छ, असाध्यै ध्वंशात्मक छ । यो खालको विशेषता देखियो भनेको छ र नेपालमा ठ्याक्कै त्यही भएको छ । नेता कोहि छैन, डिजिटल उसमा छ, कहीँ देखिँदैन । अस्ति भोट हाल्दा पनि मान्छे कहीँ छैन, बुथमा मान्छे छैन, पछि भोट गन्दा त हजारको हजार छ यो बुथमा। मान्छे छैन तर कहाँ छरु भर्चुअल दुनियाँमा छ, अनलाइनमा छ, सामाजिक सञ्जालमा छ । त्यसैले हामीले यो सामाजिक सञ्जालमा हाम्रा संगठनहरू यो चैं आजको प्रविधि मैत्री कसरी बनाउने, एउटा हाम्रो चुनौती यो छ। दोस्रो कुरा हामीले साथीहरूलाई, जनतालाई, महिला दिदीबहिनीहरूलाई के सम्झाउनुपर्ने हो भने त्यसरी भर्चुअल दुनियाँबाट छिट्टै उठेको आन्दोलन तिब्र रुपमा उठ्यो, तिब्र रुपमै तल जान सक्छ। अस्तिको २०७९ को चुनावमा मधेशतिर सिके राउतहरू ठूलो पार्टी भएर आएका थिए, अहिले त कहीँ पनि छैनन् ।

# नेपालमा वार्षिक २७ लाख १८ हजार १७७ मेट्रिक टन दूध उत्पादन

काभ्रेपलाञ्चोक । विश्वमा दुग्ध क्षेत्रले पोषण तथा खाद्य सुरक्षण एवम् जीविकोपार्जनमा पुऱ्याएको योगदानको कदर गर्दै दूधको उपभोगमा वृद्धि गर्न संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठन (एफएओले) सन् २००१ जुन १ देखि विश्व दूध दिवस मनाउन थालिएको हो ।

आम जनताबीच दूधको उपभोग गर्न चेतना फैलाउने उद्देश्यले नेपालले पनि सन् २०११ देखि विश्व दूध दिवस मनाउन थालेको हो ।

दैनिक गुणस्तरीय दूध पिउन चेतना जगाउने, पोषणयुक्त दूध तथा दुग्ध पदार्थको उपभोग वृद्धि गर्न प्रचार-प्रसार गर्ने, दूध तथा दुग्ध पदार्थको गुणस्तर कायम गर्न चेतना जगाउने र दूध तथा दुग्ध पदार्थको उपभोगमा सबैको पहुँच पुऱ्याउन पहल गर्ने उद्देश्यले यो दिवस मनाउने गरिन्छ ।

राष्ट्रिय दुग्ध विकास बोर्डको संयोजकत्वमा सरोकारवाला निकाय, पशु सेवा विभाग, दुग्ध विकास संस्थान, केन्द्रीय दुग्ध सहकारी सङ्घ लिमिटेड, नेपाल डेरी एसोसिएसन, डेरी उद्योग सङ्घ, केन्द्रीय पशुपक्षी मत्स्य सहकारी सङ्घलगायत सरोकारवाला निकायले विश्व दूध दिवसका अवसरमा विभिन्न कार्यक्रम गर्दैछन् ।

यस वर्ष राष्ट्रिय दुग्ध विकास बोर्डको संयोजकत्वमा विभिन्न सरकारी तथा निजी सरोकारवाला निकायहरूले जेठ १४ देखि १९ गतेसम्म साताव्यापी कार्यक्रमहरू आयोजना भएका छन् ।

जेठ १८ गते काठमाडौंमा आयोजना हुने मूल समारोहमा कृषि, वन तथा वातावरण मन्त्री माननीय गीता चौधरी प्रमुख अतिथिको रूपमा सहभागी भई सम्बोधन गर्ने कार्यक्रम रहेको छ । सोही अवसरमा दुग्ध क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तीहरूलाई सम्मान गरिने समेत दुग्ध विकास बोर्डका अधिकृत दीपेन्द्र अधिकारीले जानकारी दिए ।

साताव्यापी कार्यक्रम अन्तर्गत उपत्यकाव्यापी विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगिता, कालीमाटीमा रहेको आमाघरमा वृद्धवृद्धाहरूलाई दूध र फलफूल वितरण गरेको थियो भने आज जेठ १८ गते काठमाडौंमा आयोजना हुने मूल समारोहमा कृषि, वन तथा वातावरण मन्त्री माननीय गीता चौधरी प्रमुख अतिथिको रूपमा सहभागी भई सम्बोधन गर्ने कार्यक्रम रहेको छ ।

सोही अवसरमा दुग्ध क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरूलाई सम्मान गरिने समेत बोर्डले जनाएको छ। भोली मंगलबार उपभोक्ता सचेतना अभियान र अन्तक्रियात्मक गोष्ठीहरू सञ्चालन गरेर कार्यक्रम समापन हुनेछ ।

दुग्ध विकास बोर्डका अधिकृत अधिकारीका अनुसार नेपालको अर्थतन्त्रमा दुग्ध क्षेत्रको योगदान अत्यन्त महत्वपूर्ण रहेको छ । कुल कृषि गार्हस्थ्य उत्पादनमा पशुपालन क्षेत्रको योगदान करिब २५ प्रतिशत रहेको छ, जसमा दुग्ध मुख्य क्षेत्र हो । आर्थिक वर्ष २०८१/८२ को तथ्याङ्क अनुसार नेपालमा वार्षिक २७ लाख १८ हजार १७७ मेट्रिक टन दूध उत्पादन भएको छ । ‘यो क्षेत्रले ग्रामीण अर्थतन्त्रमा वार्षिक करिब २८ अर्ब रुपैयाँ सहरबाट गाउँतर्फ प्रवाह गर्दै ३ लाख ८० हजार परिवारलाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ ।

दूध बिक्रीबाट प्राप्त हुने नियमित आम्दानीले किसानहरूको जीवनस्तर सुधार, बालशिक्षा र स्वास्थ्य सेवामा पहुँच बढाउनुका साथै गरिबी न्यूनीकरणमा प्रभावकारी भूमिका खेलेको छ’, अधिकारीले भने ।

स्वास्थ्यको दृष्टिकोणले दूधलाई एक सन्तुलित र पूर्ण खाना मानिन्छ, जसमा शरीरको विकासका लागि आवश्यक प्रोटिन, क्याल्सियम, र विभिन्न भिटामिनहरू प्रचुर मात्रामा पाइन्छन् ।

---

**दलित पत्रकार...**

सिंगो राष्ट्रको साझा सवाल र राष्ट्रिय मुद्दाको रुपमा मिडियाहरूले प्राथमिकताका साथ लिनु पर्ने समेत बताइन् ।

‘म राज्यको सबै निकाय, नागरिक समाज र विशेष गरी मिडिया सञ्चालकहरूलाई आग्रह गर्न चाहन्छु-मिडियालाई साँच्चकै लोकतान्त्रिक र निष्पक्ष बनाउने हो भने आन्तरिक रुपमा समावेशी नीति कडाइका साथ लागू गरिनुपर्दछ,’ उनले भनिन्, ‘दलितको सवाललाई कुनै एउटा समुदायको मात्रै सवाल मात्रै नभई सिंगो राष्ट्रको साझा सवाल र राष्ट्रिय मुद्दाको रुपमा मिडियाले प्राथमिकताका साथ लिनुपर्दछ ।’

राज्य, नागरिक समाज र मिडिया संचालकहरूले मिडियालाई लोकतान्त्रिक बनाउने होभने आन्तरिक रुपमा समावेशी नीति कडाईका साथ पालना गर्न आवश्यक रहेको पूर्वराष्ट्रपति भण्डारीको भनाइ थियो ।

‘दलित पत्रकारहरूको क्षमता अभिवृद्धि, खोज पत्रकारिताका लागि प्रोत्साहन र कार्य क्षेत्रमा उनीहरूको भौतिक तथा मानसिक सुरक्षा सुनिश्चित गर्न नेपाल सरकार र समाचार सम्बद्ध संस्थाहरूले विशेष कार्यक्रम ल्याउन जरुरी छ,’ उनले भनिन् ।

पूर्वराष्ट्रपति भण्डारीले कुनैपनि समाजको रुपान्तरणमा पत्रकारहरूको कमल शक्तिशाली हुने भएकाले उनीहरूले त्यसको दुरुपयोग हुने खालको कुनैपनि गतिविधि गर्न नहुने पनि बताइन् ।

**सीमा विवाद...**

विरोध जनाएका थिए। विपक्षीको विरोधका बीच रोष्ट्रममा उभिएर प्रधानमन्त्री शाहले सीमा विवाद, सुकुमवासी व्यवस्थापन, विगतका आन्दोलनका प्रतिवेदन र देशको आर्थिक अवस्थाबारे सरकारको धारणा प्रष्ट पारेका छन्।

सीमा विवादबारे इंग्ल्याण्डसँग पनि छलफल, ’नेपालले पनि जग्गा मिचेको थाहा पाएँ’

नेकपा एमालेकी सांसद पद्मा अर्यालले नेपालको भूमि प्रयोग गरी भारत र चीनले व्यापारिक मार्ग खोलेको विषयमा सोधेको प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री शाहले नेपालको विवादित भूभागबारे भारत र चीनका साथै इंग्ल्याण्ड सरकारसँग पनि कुरा भइरहेको खुलासा गरे। “ब्रिटिश इन्डिया छाड्दै गर्दाको समस्या अहिलेसम्म कायम रहेकाले यसमा इंग्ल्याण्डले पनि सरोकार राख्नुपर्छ भन्ने हाम्रो मान्यता हो,“ उनले भने।

लिपुलेक र लिम्पियाधुराको विषयमा नेपालले पठाएको कूटनीतिक नोटको जवाफ भारतबाट आइसकेको र दुवै देशका इतिहासविद् एवं भूमिविद्हरू राखेर ’टेबल टक’ मार्फत समस्या समाधान गर्ने सहमति भएको उनले जानकारी दिए। यसैक्रममा प्रधानमन्त्री शाहले आफू प्रधानमन्त्री भएपछि एउटा अचम्मको तथ्य थाहा पाएको दाबी गरे। उनले भने, “भारतले नेपालको जग्गा मात्र होइन, नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ। यो कुरा अँस्ती भर्खर मात्र थाहा पाइयो। दुवै देश बसेर अध्ययन गरी साथीको रूपमा यसको समाधान खोज्ने हाम्रो सोच छ।“

सुकुमवासी व्यवस्थापनः ’३५ वर्षमा नभएको काम ३५ मिनेटमै नखोजौँ’

काठमाडौं उपत्यकाका सुकुमवासीको समस्या समाधान र उचित व्यवस्थापनका लागि आफ्नो पार्टी र सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रतिबद्ध रहेको प्रधानमन्त्रीले बताए। विगतमा खोला किनारमा बस्दा बाढी, डुबान र फोहोरको दुर्गन्धका कारण सुकुमवासीकै स्वास्थ्य संकटमा परेकाले उनीहरूलाई त्यहाँबाट हटाउनुपरेको उनले प्रष्ट पारे।

वास्तविक सुकुमवासीको पहिचान गरी जग्गाको व्यवस्थापन गर्न सरकार लागिपरेको भन्दै उनले भने, “अस्ति अर्थमन्त्री डा. स्वर्णिम वाग्लेज्यूले पनि यही आर्थिक वर्षभित्र सुकुमवासीको उचित व्यवस्थापन गर्ने गरी काम हुने बताउनुभएको छ। जति समय लाग्छ, त्यो लाग्छ, हतार गरेर हुँदैन। ३५ वर्षमा नभएको चिज ३५ मिनेटमै नखोजौँ।“

विगतका सबै प्रतिवेदनको एकमुष्ट अध्ययन हुने

नेपाली कांग्रेसका सांसद अर्जुननरसिंह केसीले ’जेनजी आन्दोलन’ को प्रतिवेदनबारे राखेको प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री शाहले विभिन्न कालखण्डमा भएका आन्दोलन, ज्याली र मानव अधिकार आयोगका प्रतिवेदनहरूलाई सरकारले एकमुष्ट रूपमा अध्ययन गर्ने बताए। “आजसम्म नेपाल सरकारलाई बुझाइएका जति पनि प्रतिवेदनहरू छन्, ती सबैलाई एकमुष्ट रूपमा अध्ययन गरेर गर्नुपर्ने कामकारबाही त्यही हिसाबले अगाडि बढाइनेछ,“ उनले प्रतिबद्धता जनाए।

सरकारको ध्यान ’आत्मविश्वास’ भन्दा ’पैसा बढाउने’ तिर

मुलुकको आर्थिक अवस्थाबारे बोल्दै प्रधानमन्त्री शाहले वर्तमान सरकारको मुख्य ध्यान देशको आम्दानी अर्थात् पैसा बढाउनेतर्फ केन्द्रित रहेको बताए। देशमा उत्पादित सामग्रीहरू विभिन्न राष्ट्रमा निर्यात गर्नका लागि सरकारले दुई वर्षको रणनीति लिएको र निर्यातजन्य वस्तुमा कर छुटको व्यवस्था गरिएको उनले उल्लेख गरे। प्रधानमन्त्री शाहले थपे, “अहिले देशमा आत्मविश्वास बढाउने भन्दा पनि देशलाई पैसा चाहिएको छ, त्यसैले हाम्रो ध्यान पैसा बढाउनेतिरै गएको छ।“

**संसद्मा सभामुख...**

सभामुखको हैसियतले आफूले संवादलाई प्राथमिकता दिएको दाबी गर्दै उनले विपक्षी दलबाट नजरअन्दाज भएको बताए ।

सभामुख अर्यालले आइतबार प्रतिनिधिसभा नियमावली पारित गर्ने प्रक्रियालाई पनि संविधान र नियमावलीअनुसार नै अघि बढाइएको दाबी गरे ।

सभामुखको हैसियतले आफूले विधेयकमा आएका संशोधनहरूलाई निर्णयार्थ मात्रै प्रस्तुत गर्नसक्ने भन्दै प्रष्टीकरण दिए ।

आफूले प्रक्रियामा काम गरिरहेको र कुनै नियम नमिचेकोसमेत सभामुख अर्यालको दाबी छ ।

**समृद्धिको लक्ष्य...**

गर्न सबै तहका सरकार, निजी क्षेत्र तथा नागरिक समाजबीच सहकार्यको आवश्यकता औंल्याएका छन् ।

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, राष्ट्रिय हित र स्वाभिमानलाई अक्षुण्ण राखी दिगो, फराकिलो र समन्यायिक आर्थिक वृद्धि हासिल गर्दै सभ्य, सुसंस्कृत तथा समुन्समाज निर्माण गर्न आआफ्नो क्षेत्रबाट योगदान पुर्याउनका लागि सम्पूर्ण राजनीतिक दल, नागरिक समाज तथा सम्बद्ध सबैमा आह्वान पनि गरेका छन् ।

नेपाली जनताको लामो सङ्घर्ष र बलिदानको प्रतिफलस्वरूप स्थापित जननिर्वाचित संविधानसभाको पहिलो बैठकबाट २०६५ जेठ १५ गते नेपालमा गणतन्त्र घोषणा गरेको ऐतिहासिक दिनको स्मरण गर्दै प्रत्येक वर्ष जेठ १५ गतेलाई गणतन्त्र दिवसका रूपमा मनाउने गरिन्छ ।

राष्ट्रपति पौडेलले गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएका आन्दोलनको नेतृत्व गर्ने राजनीतिक दलका नेताहरूप्रति सम्मान व्यक्त गर्दै आन्दोलनमा सहभागी आमनागरिक, जनसमुदाय एवं राजनीतिक कार्यकर्ताको योगदानको प्रशंसा पनि गरेका छन् ।

उनले भनेका छन्, ‘लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात सहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, आजको यस ऐतिहासिक दिवसले हामी सबै नेपालीहरूबीच आपसी विश्वास, सहकार्य र राष्ट्रिय एकताको भावना अझ सुदृढ हुँदै जाओस् भन्ने कामना व्यक्त गर्दछु ।’

पाँचदिनका लागि...

खिच्न र मिठा परिकार खाएर तर्कविहिन समय वर्वात गर्नेगरी भ्रमण नगर्ने विषय वस्तुमा केन्द्रीत भएर मात्र वार्ताका लागि भ्रमण हुनुपर्ने अडान केही दिन अगाडीको सामाजिक सञ्जालमा अभिव्याक्ति आएको लगतै पार्टी सभापति सहित रास्वपाका प्रतिनिधिहरु भारत भ्रमणमा गएका हुन् । पक्कै पनि नेपाल र भारत छिमेकी राष्ट्र हुन् । छिमेकी राष्ट्रका जोडिका सीमानाका विवाद लगायत समस्याहरु पुस्तौदेखि उठ्दै आएका छन् । कतिपय समस्या सावधान भएपनि सीमानाका समस्या भने ज्यूका ज्यु रहेका छन् । त्यसकारण वर्तमान सरकार स्पष्ट बहुमत प्राप्त सरकार भएको हुनाले सीमानाका समस्या पनि चाडै दुवै देशका प्रतिनिधहरुले कुटनैतिक रुपमा तथ्यको आधारमा सावधान गर्न दिर्घकालीन निकास खोजिएला भन्ने नेपालीहरुको बुझाई रहेको छ ।

नेपालीहरुको चाहाना अनुसार नै नेपाल भारत समस्या सावधान गरेर अझै छिमेकी राष्ट्र एक अर्कामा सम्बन्ध प्रगाढ बनाउन सकुन ।

# गाउँ र नगरपालिकामा हल खोल्दा १० वर्षसम्म आयकर छूट



बालेन शाह (बालेन्द्र) नेतृत्वको सरकारले महानगरपालिका र उपमहानगरपालिकाबाहेकका क्षेत्रमा नयाँ सिनेमा हल खोल्नेलाई सुरुका १० वर्षसम्म आयकर छूट दिने भएको छ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शुक्रबार संघीय संसदमा आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्दै यस्तो घोषणा गरेका हुन् ।

उनले भने, 'महानगरपालिका र उपमहानगरपालिकाबाहेकका क्षेत्रमा नयाँ चलचित्र हल स्थापना गर्नेलाई सुरुको १० वर्षसम्म पूर्ण रूपमा आयकर छूट दिने व्यवस्था मिलाएको छ ।' सरकारले उक्त घोषणा गरेसँगै प्रदर्शकहरूले त्यसको स्वागत गरेका छन् । हल व्यवसायीहरूले लामो समयदेखि सरकारसँग नयाँ हललाई आयकर छूटको माग गर्दै आएका थिए ।

गाउँ र नगरपालिकामा खुल्ने हललाई कर छूट दिने घोषणाबाहेक यसपटकको बजेटमा फिल्म क्षेत्रका अन्य विषय भने सम्बोधन भएका छैनन् । फिल्म स्टुडियो बनाउनेदेखि नेपाली फिल्मलाई प्रवर्द्धन गर्ने कुनै पनि विषय बजेटमा नसमेटिएपछि फिल्मकर्मीहरू निराश बनेका छन् । त्यसो त हरेक पटकको बजेटमा फिल्म क्षेत्र उपेक्षित हुँदै आएको छ ।

# मोतिराज खनाल र यशोदा कार्कीको आवाजमा "बैगुनी मायालु" सार्वजनिक

काठमाडौं । नेपाली सांगीतिक क्षेत्रमा अत्यन्त मार्मिक तथा भावनात्मक गीत "बैगुनी मायालु" सार्वजनिक भएको छ। प्रेम, पीडा र बिछोडको कथालाई समेटिएको यस गीतले दर्शक तथा श्रोताको मन छुने विश्वास गरिएको छ।

गीतमा लोकप्रिय गायक मोतिराज खनाल र गायिका यशोदा कार्कीको सुमधुर स्वर रहेको छ। गीतका शब्द शंकर घिमिरे र विश्वास घिमिरेले संयुक्त रूपमा सिर्जना गरेका हुन् भने लय गायक मोतिराज खनालले तयार पारेका छन्। गीतको संगीत संयोजन (एरेन्ज) रमेश सेन्चुरीले गरेका हुन्। मालाश्री डिजिटल रेकर्डिङ स्टुडियोमा रेकर्ड गरिएको उक्त गीतको रेकर्डिङ कार्य सागर बाजुरालीले सम्पन्न गरेका हुन् भने मिक्सिङ खडक बाजुरालीले गरेका छन्।




म्युजिक भिडियोमा विश्वास घिमिरे, बिन्दु आचार्य, अनिशा बेल्बासे तथा बिशेष घिमिरेको सशक्त अभिनय देख्न सकिन्छ। भिडियोको निर्देशन स्वयं विश्वास घिमिरेले गरेका हुन्। ड्रोन क्यामेराबाट दृश्य खिच्ने कार्य चोप सिलवालले गरेका छन् भने क्यामेरा तथा सम्पादनको जिम्मेवारी सन्जय पाठकले सम्हालेका छन्।

गाउँघरको मौलिक परिवेश, हरियालीले भरिएको शान्त वातावरण तथा मायाप्रेम र बिछोडको पीडालाई अत्यन्त मार्मिक ढंगले प्रस्तुत गरिएको 'बैगुनी मायालु'ले दर्शक तथा श्रोतामाझ विशेष स्थान बनाउने अपेक्षा गरिएको छ। उत्कृष्ट कथा प्रस्तुति, भावनात्मक अभिनय र अनुभवी कलाकारहरूको समन्वयले गीतलाई अझ जीवन्त बनाएको निर्माण टिमले जनाएको छ।

नेपाली लोक तथा आधुनिक संगीतप्रेमी दर्शकका लागि 'बैगुनी मायालु' प्रेम, संवेदना र यथार्थ भावनाले भरिएको उत्कृष्ट कोशेलीका रूपमा सार्वजनिक भएको छ।

# 'द विनर'का अभिनेता मन्चिनले खोले 'इलोरा हेयर एन्ड ब्युटी लाउन्ज'

सन् २०१७ मा प्रदर्शन भएको फिल्म 'द विनर'का अभिनेता तथा मोडल मन्चिन शाक्यले काठमाडौंको कमलादी कुलरत्न मार्गस्थित सिटिजन्स बैंक अगाडि सुविधासम्पन्न 'इलोरा हेयर एन्ड ब्युटी यूनिसेक्स लाउन्ज' सञ्चालनमा ल्याएका छन् । आइतबार गायक द्वय रामकृष्ण ढकाल र निमा रुम्बाले संयुक्त रूपमा रिवन काटेर उक्त लाउन्जको शुभारम्भ गरे ।

उद्घाटनको अवसरमा लाउन्जले ग्राहकहरूका लागि आगामी एक हप्तासम्म आफ्ना सबै सेवाहरूमा ५० प्रतिशत छुट दिने घोषणा समेत गरेको छ । सञ्चालक शाक्यले लाउन्जबाट प्रदान गरिने सेवामा कुनै पनि प्रकारको सम्झौता नहुने प्रतिबद्धता व्यक्त गरे । मन्चिनले शशी पराजुलीसँग मिलेर यो लाउन्ज सञ्चालनमा ल्याएका हुन् ।

लाउन्जको उद्घाटनपश्चात् सञ्चारकर्मीसँगको कुराकानीमा ढकाल र रुम्बाले हेयर र मेकअपबारे आफ्ना अनुभव सुनाए । रुम्बाले महिनामा एकपटक कपाल काट्ने र दाह्री नियमित मिलाउने गरेको बताए । मेकअप भने आफूले विरलै गर्ने उनको भनाइ छ । उनी भन्छन्, 'फिल्मको छायांकनमा त गर्नैपर्छ । कहिले काहीँ स्टेज कार्यक्रममा जाँदा पनि गर्छौं । अरु बेला चाहिँ गर्दिनँ ।'

रामकृष्णले पनि मेकअप गर्न आफूलाई मन नपर्ने बताए । उनले भने, 'म कपाल र दाह्री प्रायः सैलुन गएर मिलाइरहेको हुन्छु । तर, मेकअप गर्न चाहिँ मन पर्दैन । गीतको छायांकनमा भने क्यामेराका लागि भए पनि मेकअप गर्नैपर्छ । मेकअप गर्दा मलाई एकखालको भार बोकेको जस्तो महसुस हुन्छ । तर, हामी क्यामेरा अगाडि आइरहने मान्छेलाई मेकअप जरुरी छ ।'

# पलले चित्लाङबाट सुरु गरे 'आ बाट आमा २'को छायांकन

गत वर्षको ब्लकबस्टर फिल्म 'आ बाट आमा'को दोस्रो भाग 'आ बाट आमा २'को छायांकन सुरु भएको छ । सोमबार बिहान मकवानपुरको पर्यटकीय क्षेत्र चित्लाङ गाउँबाट फिल्मको छायांकन थालिएको हो । फिल्मका लागि पहिलो सट अभिनेता पल शाहले दिए । उनी यो फिल्मको पहिलो भागमा पनि मुख्य भूमिकामा थिए ।

फिल्मको चित्लाङपछि काठमाडौँमा छायांकन गर्ने तालिका राखिएको छ । त्यसपछि बेलायतको लन्डनमा बाँकी छायांकन हुने निर्देशक चन्द्र पन्तले जानकारी दिए । उनका अनुसार कलाकारदेखि प्राविधिकसम्मको भिसा आवेदनको प्रक्रिया पूरा भइसकेको छ । कथाको मागअनुसार नै लन्डनमा फिल्मका केही महत्त्वपूर्ण दृश्य खिच्न लागेको उनले बताए ।



निर्देशक पन्त स्वयंको कथा तथा पटकथा लेखन रहेको फिल्ममा पलसहित विपना थापा, प्रदीप रावत गजनी भिलेन, मलिका महत, रिश्ता गुरुङ, निकिता आचार्य, आकाश श्रेष्ठ, सविन श्रेष्ठ, साइग्रेस पोखरेल, गजित विष्ट, नरेन खड्का, दीलिप ओखेडालगायतका कलाकारहरूको अभिनय रहनेछ । 'मेरो डान्स युनिभर्स-२'की विजेता रिश्ताले यही फिल्मबाट डेब्यू गर्दैछिन् ।

दशैंको अवसर पारेर असोज ३० गतेबाट प्रदर्शनमा आउने तय भइसकेको यस फिल्ममा करण सिंह प्रोडक्सन म्यानेजर तथा कार्यकारी निर्मातामा छन् । आर्या इन्टरटेनमेन्टको ब्यानरमा बन्ने फिल्मले आमा र छोराबीचको भावनात्मक सम्बन्धको कथा भन्ने जनाइएको छ । फिल्मको स्लोगन 'दशैंको जमरा र आमाको पर्खाइको कथा' राखिएको छ ।

# 'रोल नं १'ले दर्शकलाई बनायो 'नोस्टाल्जिक', निर्माता भन्छन्

कीर्तिमानी फिल्म 'पूर्ण बहादुरको सारङ्गी'का निर्माता विनोद पौडेलले निर्माण गरेको फिल्म 'रोल नं १' हिजो शुक्रबारबाट देशभर प्रदर्शनमा आइसकेको छ । तर, फिल्मको ओपनिङ अपेक्षित हुन सकेन । यद्यपि, फिल्मलाई दर्शकीय प्रतिक्रिया सकारात्मक मिलेको छ । शुक्रबार काठमाडौंका विभिन्न हलमा फिल्म हेरेका दर्शकहरू भावविह्वल बनेका थिए ।

फिल्मले प्रायः दर्शकलाई 'नोस्टाल्जिक' बनाएको देखिन्छ। फिल्म हेर्दा पुनः बाल्यकालमा फर्किएको र आफ्नै संघर्ष पात्रले बाँचेको अनुभूति दर्शकले गरेका छन् । कतिले सामाजिक सञ्जाल र मिडियामार्फत यो फिल्म हेरेर शिक्षा नीति बदल्न सरकारलाई सुझाव दिएका छन् । सन्तानलाई पढाइमा दबाब दिने अभिभावकले पनि 'रोल नं १' अनिवार्य हेर्नैपर्ने दर्शकहरूको प्रतिक्रिया छ ।

फिल्मले उत्साहजनक प्रतिक्रिया पाएपछि निर्माता पौडेल खुसी देखिएका छन् । अहिले आफूले 'पूर्ण बहादुरको सारङ्गी' चल्दा आएको प्रतिक्रियाको झल्को महसुस गरिरहेको उनी बताउँछन् । स्कुले शिक्षा, त्यसको महत्त्व र अहिलेको मूल्यांकन विधिले बालबालिकामा परिरहेको असरको कथा र अभिभावकले दिने दबाब तथा त्यसको प्रभावलाई दर्शकले मन पराएको उनले बताए । उनी भन्छन्, 'फिल्म हेरेपछि दर्शकहरूले विभिन्न माध्यमबाट दिनुभएको प्रतिक्रियाले मन नै फुरुङ्ग भएको छ । दर्शकले आफ्नै कथा पर्दामा आएको अनुभूति गर्नुभएको छ, जुन हाम्रो लागि ठूलो उपलब्धि हो ।

# 'कुम्भ'लाई नेपाली फिल्मको इतिहासमै सबैभन्दा कम शो

नेपाली फिल्मले बेला बखतमा अनौठा रेकर्ड बनाउँछन् । कति रेकर्ड यस्ता पनि हुन्छन्, जुन विश्वमै विरलै देख्न पाइन्छ । सबैभन्दा अनौठो रेकर्ड २०७९ सालमा फिल्म 'शिवानी'ले बनाएको थियो । यो विश्वमै सबैभन्दा कम कमाउने फिल्ममा पर्छ । यसको कमाइ जम्मा ५२० रुपैयाँ थियो भने ५ वटा टिकट बिक्री भएका थिए । एक हजार पनि नकमाउने यो पहिलो नेपाली फिल्म हो । अब अर्को एक नेपाली फिल्मले पनि अनौठो रेकर्ड बनाएको छ । भोलि शुक्रबार (१५ जेठ)बाट प्रदर्शनमा आउन लागेको फिल्म 'कुम्भ'ले नेपाली फिल्मको इतिहासमै सबैभन्दा कम शो पाएको हो । देशका लगभग ९८ प्रतिशत हलले यो फिल्मलाई शो नै दिएका छैनन् । देशको सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्समा समेत फिल्मको शो छैन ।

## चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यलय
बलम्बु, काठमाडौं

**सूचना**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख
घनश्याम गिरी

उप- प्रमुख
बसन्ती श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत
कृष्ण प्रसाद खड्गी

## दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यलय
फर्पिङ, काठमाडौं

**सूचना**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख
मोहन बस्नेत

उप- प्रमुख
बसन्ति तामाङ डङ्गोल

प्रमुख प्रशासकीय अधिकृत
राम मनि काफ्ले

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न.१/०७७/०७८

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ४३,
२०८३ साल जेठ १९ गते मंगलबार
4 JUNE 2026, TUESDAY

# सार्वजनिक सवारीको दर्ता रोक्काले व्यवसायी मारमा



काठमाडौं। सरकारले आकास्मिकरुपमा नयाँ सार्वजनिक सवारीसाधनको दर्ता रोक्का गरेपछि अटो व्यवसायी मारमा परेका छन्।

सरकारले केही दिन अगाडि सार्वजनिक सवारीसाधनको दर्तामा रोक लगाएपछि अटो व्यवसायी भन्सार पास भएकै गाडी बेच्न नसकेर मारमा परेका हुन्।

भन्सार पास गरेको १५ दिनभित्र दर्ता गर्नुपर्ने व्यवस्था छ। त्यसपछि दर्ता गर्दा जरिबाना लाग्छ। सरकारले नयाँ व्यवस्था ल्याएर स्टकमा रहेका गाडी बिक्री गर्न समस्या पार्ने हो कि भन्ने भय पनि व्यवसायीहरुमा छ।

एक अटो व्यवसायीका अनुसार सार्वजनिक सवारीसाधनको दर्ता रोकिएपछि नयाँ गाडीको बुकिङ र डेलिभरीको साइकल नै रोकिएको छ। भन्सार छुटाएर राखिएका गाडी आफूहरुसँग धेरै रहेको ती व्यवसायीले बताए।

'गाडी दर्ता रोकिएर स्टकमा हुँदा फण्डको साइकल नै रोकियो। स्टकमा भएका गाडी बिक्री गर्न नमिल्ने भएमा थप समस्या हुन्छ,' उनले भने।

कतिपय सवारीसाधन आयातको क्रममा बाटोमा छन्।

केही व्यवसायीले भने विशेषगरी ट्याक्सीको नम्बर प्लेटमा सिन्डिकेट तोड्न दर्ता रोकेको अनुमान गरेका छन्। कमर्सियल इभी बिक्री गर्दै आएको पूजा इण्टरनेसनल नेपालका महाप्रबन्धक विवेक बिजुक्छेले दर्ता लामो समय रोकिए मात्र असर गर्ने बताए।

'पहिला छुटाएका गाडीको हकमा केही समस्या भएको छ,' उनले भने, 'तर केही दिनमा नै खुलाउने कुरा सुनिएको छ।'

बागमतीमा इभी मात्रै दर्ता हुने भएकाले ५०० युनिटभन्दा धेरै इन्धन ट्याक्सी पुरानै नम्बर प्लेटका लागि राखिएका छन्। केही व्यवसायीले बागमतीमा नयाँ मापदण्ड बनाएर समान रुपमा पेट्रोल ट्याक्सी पनि ल्याउन चाहेका छन्।

यातायात व्यवस्था विभागका महानिर्देशक राजिव पोखरेलका अनुसार अहिले समिति बनाएर यस विषयमा अध्ययन भइरहेको छ। 'हामीले अहिले आन्तरिक रुपमा अध्ययन गरिरहेका छौं। दर्ता रोक्ने निर्णयले देखिएका समस्यालाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने उपायबारे हामी छलफलमा छौं,' उनले भने।

उनका अनुसार समितिले कुन स्थानमा कति सवारीसाधन आवश्यक छन् भन्ने पनि अध्ययन गरिरहेको छ। पोखरेलले सार्वजनिक सवारीसाधनको दर्ता एक महिनाभन्दा बढी नरोकिने बताए।

# ५० लाखसम्मका गाडीमा मूल्य घट्ने अर्थमन्त्री वाग्लेको दाबी



काठमाडौं- अर्थमन्त्री स्वर्णिम वाग्लेले ५० लाखसम्मका गाडीमा मूल्य घट्ने दाबी गरेका छन्। काठमाडौंमा सोमबार नेपाल आर्थिक पत्रकार संघको ' बजेटपछिको अन्तरक्रिया' कार्यक्रममा उनले विलासिता गाडीमा मात्रै कर बढेको बताए।

केही वर्षअघिसम्म विद्युतीय गाडीको प्यानिट्रेसन बढाउन धेरै छुट दिए पनि अहिले आवश्यकता अनुसार कर लगाएको जिकिर उनले गरे। 'अहिले १ करोडसम्मका विद्युतीय गाडी चढेर हिड्नु विलासिता हो। यो सबैले स्वीकार गर्नुपर्छ,' अर्थमन्त्री वाग्लेले भने,'प्रधानमन्त्रीले ५० लाख तलका गाडीमा नबढाउन निर्देशन दिनुभएको थियो। ५० लाख माथीका गाडीमा बढाउँदा खासै फरक नपर्ने आशय थियो।'

उनले व्यवसायीहरु किलोवाटका आधारमा गाडी भित्र्याउँदा महालेखाले प्रश्न उठाएपछि तनावमा देखिएको बताए। उनले किलोवाटको सट्टा मूल्यका आधारमा लगाउँदा अटो व्यवसायीहरु समेत राहत महसुस गरेको बताए।

विद्युतीय गाडी पूर्ण रुपमा स्वच्छ उर्जा नभई ब्याट्री व्यवस्थापन गर्ने विषय पेचिलो रहेको उनको भनाइ थियो।

अर्थमन्त्री वाग्लेले ५ वर्षको अवधि सोचेर जग बसाउने बजेट ल्याएको बताए। तयारी गर्ने पर्याप्त समय नहुँदा केही विषय अर्को वर्षको बजेटले सम्बोधन गर्ने भनाइ उनले राखे। अहिलेको सरकार ५ वर्षकोलागि भएकाले एउटा मात्रै बजेटमा सबै विषय अपेक्षा नगर्न उनले आग्रह गरे।

# सरकारको नयाँ नीतिले इभीको कर ७१ प्रतिशतसम्म बढ्यो, उपभोक्तामाथि थप भार

काठमाडौं। सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत विद्युतीय सवारीसाधनको कर संरचनामा ठूलो परिवर्तन गरेको छ। अर्थमन्त्री स्वर्णिम वाग्लेले शुक्रबार संसद्मा बजेट प्रस्तुत गर्दै नयाँ व्यवस्था सार्वजनिक गरेका हुन्।

यसअघि विद्युतीय गाडीमा मोटर पिक पावरका आधारमा भन्सार महसुल, अन्तःशुल्क, सडक निर्माण दस्तुर र मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था थियो। अब सरकारले मोटर पिक पावरको आधार हटाएर भन्सार मूल्यका आधारमा कर निर्धारण गर्ने नीति लिएको छ।

उक्त नीतिका कारण इभीमा कर बढेको छ। अब बजारमा आउने नयाँ इभीको मूल्य इन्ट्री लेभलमा १ लाख रुपैयाँदेखि हाइ रेन्जमा ४० लाख रुपैयाँभन्दा बढीले मूल्य बढ्नेछ।

नयाँ आर्थिक विधेयकअनुसार सबै प्रकारका विद्युतीय कारमा समान रूपमा २० प्रतिशत भन्सार महसुल लाग्नेछ। यसअघि भने गाडीको क्षमता अनुसार १५ प्रतिशतदेखि ८० प्रतिशतसम्म भन्सार महसुल लाग्दै आएको थियो।

मोटर पिक पावर निर्धारणसम्बन्धी विवाद बढ्दै गएपछि सरकारले एउटै भन्सार दर लागू गरेको जनाएको छ। यससँगै पहिले लाग्दै आएको अन्तःशुल्क हटाएर त्यसको सट्टा स्वच्छ पूर्वाधार लगानी शुल्क लागू गरिएको छ।

भन्सार विन्दुमा २० लाख रुपैयाँसम्म मूल्य भएका विद्युतीय गाडीमा २.५ प्रतिशत स्वच्छ पूर्वाधार लगानी शुल्क लाग्नेछ। २० लाखदेखि ३० लाख रुपैयाँसम्म मूल्य भएका गाडीमा २० प्रतिशत शुल्क तोकिएको छ।

त्यस्तै, ३० लाखदेखि ४० लाख रुपैयाँसम्म मूल्य भएका गाडीमा ३५ प्रतिशत शुल्क लाग्नेछ। ४० लाखदेखि ५० लाख रुपैयाँसम्म मूल्य भएका गाडीमा ९० प्रतिशत शुल्क निर्धारण गरिएको छ।

५० लाख रुपैयाँभन्दा बढी मूल्यका विद्युतीय गाडीमा भने १३० प्रतिशत स्वच्छ पूर्वाधार लगानी शुल्क लाग्ने व्यवस्था गरिएको छ। यसले महँगा विद्युतीय गाडीमा करको भार उल्लेख्य रूपमा बढाउनेछ।



सरकारले सबै विद्युतीय गाडीमा ५ प्रतिशत सडक निर्माण दस्तुर कायम राखेको छ। साथै, १३ प्रतिशत मूल्य अभिवृद्धि करको व्यवस्था पनि यथावत् रहनेछ।

नयाँ व्यवस्थाअनुसार सुरुवाती श्रेणीका गाडीमा समग्र करभार ४३ प्रतिशतबाट बढेर ४६ प्रतिशत पुगेको छ। ६३ प्रतिशत कर लाग्दै आएका केही गाडीमा अब करभार ७० प्रतिशत पुगेको छ भने ४० लाख रुपैयाँसम्मका गाडीमा करभार ९२ प्रतिशत पुगेको छ।

यसैगरी, पहिले १५६ प्रतिशत कर लाग्दै आएका ५० लाख रुपैयाँभन्दा माथिका विद्युतीय गाडीमा अब २२७ प्रतिशतसम्म कर लाग्नेछ। अर्थात् यो श्रेणीका गाडीमा करभार ७१ प्रतिशतले बढेको छ।

सरकारको नयाँ नीतिपछि अधिकांश विद्युतीय गाडीको मूल्य बढ्ने देखिएको छ। यसले नेपाली बजारमा इभी खरिद गर्न चाहने उपभोक्तामाथि थप आर्थिक भार पर्ने अनुमान गरिएको छ।

# फेरारीको पहिलो विद्युतीय गाडी 'लुचे' सार्वजनिक

इलाटीको लक्जरी स्पोर्ट्स कार उत्पादक फेरारीले पनि विद्युतीय गाडी निर्माण गरेको छ। गाडीको मूल्य ६ लाख ४० हजार डलर (करिब ९ करोड ७५ लाख नेपाली रुपैयाँ) रहेको छ।

फेरारीले आफ्नो इतिहासमै पहिलो पटक पूर्ण रूपमा इलेक्ट्रिक (इभी) मोडल 'लुचे' सार्वजनिक गरेको हो। एप्पलका पूर्व डिजाइन प्रमुख सर जोनी इभको एजेन्सी ' लभफ्रम' सँगको सहकार्यमा तयार पारिएको यो पाँच सिटको कारको लुक्स परम्परागत फेरारीको भन्दा फरक छ।

पाँच वर्ष लगाएर विकास गरिएको यो कारमा प्रत्येक पाङ्ग्रामा फेरारी आफैँले बनाएको इलेक्ट्रिक मोटर जडान गरिएको छ। जसले गर्दा यसले मात्र २.५ सेकेन्डमा ६० माइल प्रतिघण्टाको गति समात्न सक्ने कम्पनीले जनाएको छ। कम्पनीले यसका



सबै पार्टपुर्जाहरू आफैँ उत्पादन गरेकाले भविष्यमा मर्मत गर्न सजिलो हुने र यसको 'रिसेल भ्यालु' जोगिने दाबी गरेको छ।

'लुचे' सार्वजनिक भएसँगै सामाजिक संजालमा आलोचना पनि भएको छ। कसैले कारलाई ' डिजाइनको उत्कृष्ट नमुना र गेम चेन्जर' भनेका छन् भने कसैले ब्रिटिश ब्रान्ड ज्यागुआरको हालैको विवादित इभी डिजाइन जस्तै फेरारीले पनि आफ्नो विरासत बिगारेको भन्दै आलोचना गर्नेहरु पनि छन्।

तर, फेरारीका मुख्य डिजाइन अधिकारी फ्लाभियो मान्जोनीले भने नयाँ र भिन्न डिजाइनका कारण सुरुमा आलोचना हुनु स्वाभाविक रहेको बताएका छन्।

# टोयोटाको खाडीमा हुने निर्यात ९१ प्रतिशतले घट्यो

काठमाडौं । खाडी क्षेत्रमा लम्बिरहेको तनावले जापानी गाडी उत्पादनकर्ता टोयोटाको व्यापारमा ठूलो धक्का लागेको छ।

जापानबाट खाडीतर्फ हुने निर्यात अप्रिल महिनामा ९१.७ प्रतिशतले घटेको जनाइएको छ। युद्धका कारण व्यापारमा असर पर्दा निर्यात केवल दुई हजार ४१८ युनिटमा सीमित भएको कम्पनीले जनाएको हो।

कम्पनीका अनुसार अप्रिलमा टोयोटाको विश्वव्यापी बिक्री ३.१ प्रतिशतले घटेर ८ लाख ४९हजार ३०६ सवारीसाधनमा पुगेको छ। यससँगै लगातार तेस्रो महिनासम्म बिक्री घटेको हो।

तर, विश्वव्यापी उत्पादन भने २ प्रतिशतले बढेर ८ लाख ३१ हजार ९७१ युनिट पुगेको छ। जुन अप्रिल महिनाकै लागि रेकर्ड उच्च उत्पादन हो।

विदेशी बजारमा टोयोटाको बिक्री ७.५ प्रतिशतले घटेर ६ लाख ९९ हजार ३८२ युनिटमा झरेको छ। अमेरिकामा बिक्री ४.६ प्रतिशतले घटेर २ लाख २२ हजार ३७८ युनिट पुगेको छ। खाडीमा बिक्री ३३.७ प्रतिशतले घटेर ३१ हजार ३६० युनिटमा सीमित भएको छ।

जापानभित्रको घरेलु बिक्री भने २४.२ प्रतिशतले बढेर १ लाख ४९ हजार ९२४ युनिट पुगेको कम्पनीले जनाएको छ।

जापानमा मार्च अन्त्यमा वातावरणीय प्रदर्शन कर हटाइने घोषणा भएपछि खरिद स्थगित गरेका उपभोक्ताहरू पुनः बजारमा फर्किएपछि बिक्री बढेको बताइएको छ।

उत्पादनतर्फ, टोयोटाको विदेशी उत्पादन ३.८ प्रतिशतले बढेर ५ लाख ६७ हजार ५७८ युनिट पुगेको छ। जापानभित्रको उत्पादन १.७ प्रतिशतले घटेर २ लाख ६४ हजार ३९३ युनिटमा झरेको छ।

जातीय भेदभाव अन्त्य गरौं, समानता र सम्मान बढाऔं ।

- जातीय भेदभाव तथा छुवाछुत मानवअधिकारको गम्भीर उल्लङ्घन हो-यसको अन्त्य गरौं,
- सबै नागरिकलाई समान अधिकार र अवसर सुनिश्चित गरौं,
- विभेदरहित समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गरौं,
- दलित तथा पछाडि परेका/पारिएका समुदायको सशक्तिकरणमा योगदान दिऔं,
- शिक्षा, चेतना र सहकार्यबाट सामाजिक सद्भाव बढाऔं,
- हरेक व्यक्ति बराबर छन् भन्ने मान्यता व्यवहारमा लागू गरौं,
- एकता, सहिष्णुता र आपसी सम्मानलाई प्रवर्द्धन गरौं।

समानता र सामाजिक न्याय, राष्ट्रिय एकताको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार